जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ३७, २०७९ साल चैत १० गते शुक्रबार, नेपाल संवत् ११४३ (March. 24, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

### विश्वविद्यालयमा चरम बेथिति

काठमाडौं । गएका १४ वर्षमा त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरूमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) चुनाव भएन । क्याम्पसहरू शान्त थिए । चुनाव सुरु भएलगत्तै अशान्ति र अराजकता प्रकट हुन थाल्यो । शैक्षिक वातावरण मात्र धमिलिएन तोडफोडसमेत भए । विद्यार्थीका हकहित र शैक्षिक वातावरण सहजीकरणका लागि स्थापित स्ववियु सबैभन्दा बाधक नै आफ्नै उद्देश्यमाथि देखिन्छ । चुनावका नाममा विद्यार्थी संगठनहरूले गरिरहेका गतिविधि सामान्य चुनावी प्रतिस्पर्धामा सीमित छैनन् ।

तालाबन्दी, हडताल, तोडफोड र गुन्डागर्दी बाँकी ८ पेजमा

### राहुल गान्धीलाई २ वर्षको जेल सजाय



काठमाडौं । भारतीय कांग्रेसका नेता राहुल गान्धीलाई २ वर्षको जेल सजाय सुनाएको छ । तुरुन्त उनलाई अदालतले धरौटीमा छाड्ने आदेश पनि सुनाएको छ । भारतको गुजरातस्थित सुरत जिल्ला अदालतले गान्धीलाई मानहानिको मुद्दामा दोषी ठहर गर्दै दुई वर्षको जेल सजाय सुनाएको हो । अदालतले राहुललाई सजायको विरुद्धमा माथिल्लो अदालतमा पुनरावेदनका लागि बाँकी ८ पेजमा

# शासकीय प्रणालीमाथि नै अनिष्टको संकेत



काठमाडौं । नेपाल एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न हिमाली राज्य हो । विश्वको ०.००३ र एसियाको ०.३ प्रतिशत भूभाग ओगटेको नेपाल संसारका दुई सय बढी देशमध्ये ४९ औं ठूलो र क्षेत्रफलका हिसाबले ९६ औं ठूलो छ । इतिहासमा नेपाल कहिल्यै पराधीन रहेन । एसियाली राष्ट्रहरूमध्ये नेपाल र थाइल्यान्ड मात्र त्यस्ता देश हुन् जसले तत्कालीन ब्रिटिस, जापानी, पोचुगल, स्पेन, फ्रान्सजस्ता उपनिवेशवादीहरूको सिकन्जामा कहिल्यै परेनन् । संसारका पुरानो अस्तित्व बोकेका देशहरूमध्येमा नेपाल इतिहासमा गौरवान्वित रुपले पढिन्छ । झन्डै २५ सय वर्ष अघिदेखि नेपाल विश्वमानचित्रमा अंकित रहँदै आएको छ । धरतीको ताज सगरमाथाले सुशोभित नेपाल प्रकृतिको सुन्दर फूलबारीका रुपमा विश्वमाझ परिचित छ । हिमाल, पहाड, तराई भौगोलिक बनावटले दुलहीझैं चिटिक्क सिँगारिएको विश्वकै दुर्लभ वन्यजन्तु, जडीबुटी र बोटबिरुवा साथै १३ प्रकारका हावापानीले नेपाल भूस्वर्गका रुपमा विश्व समुदायबीच परिचित छ ।

प्रकृतिको अनुपम उपहार नेपाल विश्वकै सुसम्पन्न राष्ट्र भने कहिल्यै बन्न सकेन । राणाकाल, शाहकाल, अहिले गणतन्त्रकाल भोगिरहेको छ देशले । तर देशको अवस्थामा भने कुनै परिवर्तन आएको छैन । देश झन् झन् दयनीय हालतमा धकेलिँदै छ । दोस्रो विश्वयुद्धमा तहसनहस भएको देश जापान अहिले विश्वको तेस्रो अर्थतन्त्र बनेको छ । अमेरिकी आक्रमणले छियाछिया बनेको भियतनाम समृद्ध राष्ट्रको बाटोमा निरन्तर उकालो चढिरहेको छ । देश बन्ने आधार नभएको सिंगापुरलाई लि क्वानले संसारकै सुसम्पन्न देश बनाइदिए । महाथिरले मलेसियालाई धनी देशमा रुपान्तरित गरेरै छोडे । नेल्सन मण्डेलाले दक्षिण अफ्रिकालाई हुने खाने मुलुकमा परिणत गरिदिए । गृहयुद्धले क्षतविक्षत भएको रुवान्डालाई कागामेले विकासशील मुलुक बनाए । अहिले रुवान्डा अन्तर्राष्ट्रिय मिटिङ हव रुपमा चिनिन्छ ।

पहिले नेपाल इथोपिया बन्ने भयो भनेर चिन्ता जाहेर गरिन्थ्यो । अहिले नेपाल इथोपिया बने हुन्थ्यो भन्नु परिरहेको छ । ऊर्जा विकासले इथोपियाले विकासको छलाङ मारिसकेको छ । सन् १९७५ मा अस्तित्वमा आएको बंगलादेशले गार्मेन्ट्स र औषधिको निर्यात गरेर गरिबीलाई भगाउँदैछ । १९४७ मा स्वतन्त्र बनेको भारत विश्वकै शक्तिराष्ट्रका रुपमा दरिएको छ । तीन दशक अघिसम्म गरिब राष्ट्रका रुपमा चिनिने चीनले यतिबेला विश्वकै दोस्रो ठूलो अर्थतन्त्र बनेर चमत्कार मात्र देखाएको छैन अमेरिकाको विश्व महाशक्तिको ताज खोस्ने तरखरमा छ । कुनै बेला अनिकालको सामना गरेर नेपालले खाद्यान्न सहयोग गरेको मुलुक दक्षिण कोरिया विश्वकै समृद्ध राष्ट्रको सूचीमा गनिन्छ । पार्क चुङ हीले दक्षिण कोरियाको भाग्य बदलिदिए । तर नेपालको नियति भने कहिल्यै बदलिएन ।

नेपाल यत्तिखेर एसियाकै चौथो दरिद्र राष्ट्रका रुपमा चिनिन्छ । विश्वकै भ्रष्ट मुलुकहरूमध्ये टप टेनमा समाबिष्ट छ नेपाल । नोकरहरू र भाडाका सिपाही जन्माउने पहिचान बनाएको छ देशले । रेमिट्यान्सले अर्थतन्त्र धानेको छ । यदि रेमिट्यान्स नआउने र राष्ट्र बैंकमा विदेशी मुद्रा सञ्चित नहुने हो भने नेपाल आर्थिक रुपले टाट पल्टिने अवस्थामा पुगिसक्ने थियो । युवाहरूको वैदेशिक श्रमबाट आर्जित विदेशी मुद्राको सञ्चितीले आयात धानेको छ । १९ खर्ब बढी रुपैयाँको आयात हुँदा २ खर्बको निर्यात भइरहेको छ ।

गत साउनदेखि फागुनसम्म ८ महिनाको अवधिमा मुलुकको व्यापारघाटा ९ खर्ब ९३ अर्ब ५८ करोड रुपैयाँ बराबर रहेको भन्सार विभागको तथ्यांकले बताएको छ । फागुनसम्ममा पेट्रोलियम पदार्थको आयातमा मात्र नेपालले २ खर्ब २७ अर्ब रुपैयाँ खर्च गरेको छ । यस वर्ष ८६ अर्ब ९२ करोड रुपैयाँको आइरन तथा स्टिलको आयात भएको छ । इलेक्ट्रिकल मेसिनरी तथा उपकरणको आयात ६५ अर्ब ४६ करोड रुपैयाँको भएको छ । सबैभन्दा बढी व्यापारघाटा भारतसँग रहेको छ । भारतसँग मात्र ५ खर्ब ८२ अर्ब ५८ करोडको व्यापारघाटा रहेको छ । चीनसँग पनि क्रमशः व्यापारघाटा बढ्दै गएर १ खर्ब ४५ अर्ब २६ करोड पुगेको छ । अर्थतन्त्रका प्रायशः सूचकांकहरू दयनीय देखिएका छन् । यसले देशलाई आर्थिक संकटतर्फ धकेल्दै लगेको छ ।

विदेशी शक्तिकेन्द्रको निर्देशनमा लादिएको संघीयताको बोझले देशकै ढाड कुप्रो पार्दैछ । केन्द्रदेखि वडा तहसम्मका नेतृत्वलाई पाल्न वैदेशिक ऋण लिनुपर्ने अवस्था खडा भइसकेको छ । त्यसमाथि सहिद परिवार र अयोग्य लडाकु समेतलाई सरकारले पैसा दिने तयारी गरेको छ । गौरवका आयोजनाहरू लथालिंग छन् । विकास निर्माणका कामहरू प्रायः ठप्प छन् । महँगीले आकाश छोएको छ । बजार कालाव्यापारीहरूको कब्जामा छ । कृषिजन्य उत्पादनमा बिथौलियाको राज छ । विषादीयुक्त भारतीय तरकारी र फलफूलको निर्वाध आयातले नेपाली किसानहरूको बाँकी ८ पेजमा

## लडाकुका नाममा राज्यको ढुकुटी दोहन



काठमाडौं । माओवादी 'जनयुद्ध' का 'अयोग्य लडाकु' भनिएका बाल सैन्यलाई पैसा दिने प्रक्रिया सरकारले फेरि अघि बढाएको छ । 'प्रमाणीकरण भएका द्वन्द्वकालका अयोग्य लडाकुलाई कार्यविधि बनाएर राहत दिने' गत चैत ६ को मन्त्रिपरिषदबाट निर्णय गरेको सरकारले अहिले कार्यविधि बनाउन प्रक्रियासमेत सुरू गरिसकेको छ । प्रतिव्यक्ति २ लाख रुपैयाँका दरले अयोग्य लडाकुलाई राहत दिने तयारीमा सरकार जुटेको हो । गृहसचिव विनोदप्रकाश सिंहका अनुसार मन्त्रालयले कार्यविधि बनाउने प्रक्रिया सुरू गरिसकेको छ ।

चालु आर्थिक वर्षभित्रै राहत वितरण गर्ने गरी गृहले कार्यविधि बनाउन लागेको छ । जिल्ला प्रशासन कार्यालयमार्फत नै चरणबद्ध रूपमा 'अयोग्य लडाकु'लाई रकम दिने व्यवस्था मिलाउने गृहको तयारी छ । तर संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) ले नै लडाकु मान्न अस्वीकृत गरेका माओवादी कार्यकर्तालाई केका आधारमा जनताले तिरेको करबाट पैसा दिन लागिएको हो भन्ने प्रश्नको बाँकी ८ पेजमा

## नक्कली नागरिकता बनाउने गिरोह फन्दामा

काठमाडौं । कर्मचारीकै मिलेमतोमा जिल्ला प्रशासन कार्यालय काठमाडौंले तिब्बती नागरिकलाई नेपाली नागरिकता बनाइदिने गरेको तथ्य खुलेको छ । यस्तो गिरोहमा संलग्न चारजना पक्राउ परेपछि यो तथ्य बाहिरिएको हो । प्रहरीका अनुसार यो गिरोहले अहिलेसम्म पाँच सयभन्दा धेरै तिब्बती नागरिकको नेपाली नागरिकता बनाइसकेको छ । जसमध्ये ३० वटा शंकास्पद नागरिकतामाथि अनुसन्धान भइरहेको छ । सबै नागरिकता नक्कली कागजात खडा गरी बनाइदिने गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी सोमेन्द्रसिंह राठौरले बताए ।

प्रहरीका अनुसार नागरिकता बनाइदिने कार्यमा जिल्ला प्रशासन कार्यालयको नागरिकता फाँटका दुई अधिकृत, एक सुब्बा र एक खरिदारको संलग्नता रहेको छ । यस्तो धन्दामा संलग्न अभियुक्त पहिचान भइसकेको, तर कानुनी प्रक्रिया पुऱ्याउन बाँकी भएकाले तत्काल पक्राउ नगरिएको एसपी राठौरले बताए । प्रशासन कार्यालयपरिसरमै रहेको क्यान्टिनका सञ्चालकले उनीहरूसँग 'सेटिङ' मिलाउने गरेको अनुसन्धानबाट खुलेको छ । काठमाडौं जिल्ला प्रशासन कार्यालयमा नागरिकता फाँट हेर्न छुट्टै सहायक प्रमुख जिल्ला अधिकारीको व्यवस्था छ । उनको मातहतमा अधिकृत, सुब्बा र खरदार रहने व्यवस्था छ । उनीहरूकै मिलेमतोमा नक्कली कागजात खडा गरी तिब्बती नागरिकको नेपाली नागरिकता बन्ने गरेको प्रहरीको भनाइ छ ।

प्रहरीका अनुसार लामाले जिप्रकास्थित नागरिकता फाँटका कर्मचारीसँग सेटिङ मिलाउँथे । र, प्राप्त रकम कर्मचारीलाई बुझाउँथे । नागरिकता लिन चाहने तिब्बती नागरिक र नक्कली कागजातका आधारमा खडा गरिएका नेपाली बुबालाई उनैले नागरिकता फाँटमा लैजान्थे । 'सेटिङ'मा रहेका कर्मचारीसँग परिचय गराइदिन्थे । र, सजिलै नेपाली नागरिकता लिएर तिब्बती नागरिक जिप्रकाबाट बाहिरिन्थे ।

प्रहरीका अनुसार मुख्य योजनाकार ललितपुर महालक्ष्मी- १ इमाडोलका ४७ वर्षीय कृष्णबहादुर कटुवाल हुन् । उनकै योजनामा न्युल्केश श्रेष्ठबाट मिङछुङ शेर्पा बने । उनले काठमाडौं- ६ बौद्ध जन्मस्थान उल्लेख गरेर नक्कली नागरिकता बनाए । तिब्बती नागरिक सोनाम छोडेन, टासी शेर्पा, यशोदा शेर्पा र नाम्से शेर्पा छोराछोरी भएको भन्दै उनले नक्कली जन्मदर्ता प्रमाणपत्र तयार गरे । यसबापत न्युल्केशले प्रतिव्यक्ति १०-१० हजार लिए । नक्कली छोराछोरीलाई एक-एक गर्दै जिल्ला प्रशासन कार्यालय लगे र कटुवालकै योजनाअनुसार क्यान्टिन सञ्चालक लामालाई भेटे । र, पालैपालो नेपाली नागरिकता बनाइदिए ।

प्रहरीका अनुसार न्युल्केशले सोनामलाई गत ४ कात्तिकमा नागरिकता बाँकी ८ पेजमा

## नेपाल एशियामै साहसिक खेलमा शीर्ष देश

काठमाडौं । मलेसियामा आरएनए मिडिया ग्रुपले गरेको स्वतन्त्र अध्ययनबाट नेपाल एशियामै साहसिक खेल गतिविधिमा 'प्रथम मुलुक' घोषित भएको छ । आरएनए मिडिया ग्रुपले गरेको अध्ययनबाट प्राकृतिक सम्पदा, जलस्रोत र भौगोलिक विविधतामा सम्पन्न नेपाल साहसिक खेलको सम्भावनाका दृष्टिले एशियाली मुलुकमध्ये बाँकी ८ पेजमा

## अर्थतन्त्रको अवस्था चिन्ताजनक

काठमाडौं । नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले बाह्य क्षेत्रमा केही सुधार देखिए पनि अर्थतन्त्रको आन्तरिक स्वास्थ्य भने चिन्ताजनक रहेको बताएका छन् । विद्यमान आर्थिक अवस्थाबारे छलफल गर्ने उद्देश्यले महासंघ र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू सम्मिलित प्रतिनिधिमण्डलसंगको बाँकी ८ पेजमा

## निरन्तर खुम्चिँदै निर्यात

चालू आर्थिक वर्ष २०७९/८० को पछिल्ला तीन महिनायता (मंसिरदेखि माघसम्म) आयात बढ्न थालेको छ । सरकारले आयातमाथि कडाइको व्यवस्था हटाएको असर फागुनमा देखिएको हो । भन्सार विभागका अनुसार फागुन एक महिनामा मात्रै एक खर्ब ३९ अर्बको वस्तु आयात भएको छ ।


मंसिरमा एक खर्ब ३२ अर्बको वस्तु आयात भएको थियो । त्यसपछिका दुई महिना आयातमा निरन्तर गिरावट आयो । पुसमा एक खर्ब २७ अर्ब र माघमा एक खर्ब २६ अर्बका वस्तु आयात भयो । फागुनमा भने आयातको ग्राफ उकालो लागेको हो । मासिक आयातमा गिरावट आएसँगै गत वर्षको तुलनामा भने आयात घटेकै देखिन्छ । गत आर्थिक वर्षमा रुस र युक्रेनबीचको युद्धका कारण विश्वबजारमा चुलिएको महँगीको असर नेपाली वैदेशिक व्यापारमा परेको थियो । त्यतिवेला नेपालमा वस्तु आयात पनि बढ्दै गइरहेको बाँकी ८ पेजमा

## एचडब्लुपीएलको आग्रह

काठमाडौं, चैत ५ गते । दक्षिण कोरियामा मुख्य कार्यालय सञ्चालन गरी विश्व शान्तिको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दैआएको गैरसरकारी संस्था हेवेनली कल्चर, वर्ल्ड पिस, रेस्टोरेशन अफ लाइट (एचडब्लुपीएल) ले नेपालमा शाखा विस्तार गरी शान्तिको क्षेत्रमा सचेतना जगाउने कार्यक्रम गर्नेभएको छ । सो संस्थाकी नेपाल प्रतिनिधि इभा श्रेष्ठका अनुसार संस्था दर्ताको प्रक्रियामा रहेको बताउनुभयो । संस्था दर्ता गरेर शान्ति प्रक्रियामा काम गर्ने तयारी भएको उहाँको भनाइ छ । संयुक्त राष्ट्र सङ्घमा आबद्ध सो संस्थाले विश्वभरि शान्तिको विषयमा जनचेतना फैलाउने गरी अभियान सञ्चालन गर्दैआएको जनाएको छ ।

हाल रसिया र युक्रेनबीच भइरहेको युद्धलाई तत्काल रोकी शान्ति प्रक्रियामार्फत समस्या समाधानका लागि सो संस्थाले विश्वव्यापी हस्ताक्षर सङ्कलन गरिरहेको जनाएको छ ।

## ढकाललाई सम्मान



काठमाडौं । एकल सुविधाविहीन महिलाहरूको उत्थान र उनीहरूलाई प्रशिक्षणमार्फत विभिन्न सीप प्रदान गरी आत्मनिर्भर बनाउने अभियानमा जुटेको बानेश्वर देवीनगरस्थित प्रगति नेपाल नामक गैरसरकारी संस्थाले गत सोमबार एक समारोहको आयोजना गरी सुरेन्द्र ढकाल प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकाललाई सम्मान गरेको छ । बाँकी ८ पेजमा

## भगवान् रामको राजनीतिक रहस्य

सन्दर्भ : राम जयन्ती

■ मनोहरलाल श्रीवास्तव

त्रेतायुगका अति प्रसिद्ध राजा तथा हिन्दू धर्मका सातौं तथा पूर्ण सुखमय विष्णुको अवतार श्रीरामले रावण बध गरी त्यसबेलाको एघार हजार वर्ष आजको कलियुगमा एघार लाख एघार वर्ष उनले सुखपूर्वक निष्कंटक राज्य गरेका थिए । उनले सातद्वीपका अधिपत्य जितेका थिए । उनको अयोध्या राज्यमा कहिल्यै अकाल परेन, चोरी भएन, कसैको अकाल मृत्युभएन, अतिवृष्टि, अनावृष्टि, मुसो वा पक्षीबाट खेतीका नाश, राज्यद्रोहले विपत्ति आएन, कोही दरिद्र, चिन्तातुर वा रोगपीडित भएन, कोहीपनि उनको राज्यमा भिखारी, दुराचारी, पापी, क्रुर, क्रोधी र कृतध्न भएनन् ।

दण्डकवन निवासी नृसिंह मुनिका पुत्र श्रीरामदासले आफ्ना शिष्य श्रीविष्णुदासलाई सुनाएका कथालाई उद्धरणगर्दै शिवजी माता पार्वतीलाई भन्नुहुन्छ कि एक दिन श्रीमान् रामले एकान्तमा लव, कुश, लक्ष्मण, भरत तथा शत्रुध्नलाई बोलाएर राजनीतिबारे यसरी शिक्षा दिए - हे कुश ! म बैकुण्ठ गईसकेपछि तिमि नै राजा बन्नेछौं । राजालाई चिरकालसम्म यस संसारमा जिवित रह्न कहिल्यै झुठ बोल्नु हुंदैन र सुखी रह्न कामी र क्रोधी हुनुहुंदैन ।

राजाले परायी स्त्रीसंग प्रेम गर्नुहुंदैन । सत्य, शौच (पवित्रता), दया, क्षमा, स्वभावमा कोमलता, मीठो बोली, ब्राम्हण-गौ-संत तथा सज्जनप्रति श्रद्धा सात गुण राजाको लागि परमकल्याणकारी हुन् भने सात दोष निद्रा, आलस्य, मद्यपान, द्यूत (जुआ), वेश्यासंग प्रेम, बढी खेलकूद र शिकार गर्नु हुन् । प्रजालाई पुत्रसमान पालन, आम्दानीको षष्ठांशमात्र कर लिनु, गुप्तचरद्वारा देशभरीको समाचार लिईरह्नु, अन्य राज्यको सूचना संकलनको लागि २-२ वा ५-५ गुप्तचर वेष बद्लेर खटाउनुपर्छ । आफ्ना दूतबाहेक अन्यको विश्वास गर्नुहुंदैन ।

समयानुकूल साम, दाम, दण्ड, भेद प्रयोग गरि आफ्नो कार्य सम्पादन गर्ने, जुन कार्य मनमा सोचेको हो त्यसलाई कसैलाई नभन्ने तर स्वयं कार्य गरिरह्ने,



नोकरको विश्वासमाथि राजकाज नछोड्ने, प्रतिमास खजानाको स्वयं निरिक्षण, सलियाना मंत्रीका साथ देशको सुरक्षार्थ बनाइएका खाल्डाको निरिक्षण, ४-४ महिनामा शस्त्र, सडक तथा कोठारका निरिक्षण, ८ वा १५ दिनमा हाथी, घोडा (सवारी)को निरिक्षण, महिनामा कपडाको देखभाल, तेस्रो दिनमा पालित् सुग्गा-कोयलको भने प्रति छह माहमा सीमामा नियुक्त अधिकारिको निरिक्षण, सर्वदा राज्यनिवासीलाई ध्यान दिने, प्रति महिना सेना तथा बगैंचा निरिक्षण, छैठौं महिनामा कुंवा-बावली (पानीको स्रोत)को निरिक्षण पडताल गर्नुपर्छ । सके प्रति ३ महिनामा नसके ६ महिवा वा वर्षदिनमा राजा सेनाको साथ राज्यको दौरा गरि ब्राम्हण, देवता, यति तथा गुरूजनको सन्तोषको जांच गर्नुपर्छ । अर्थको काम स्वयं हेर्ने, आयको चौथाईमात्र खर्च गर्ने, विकट परिस्थितीमा बढीमा तृतीयांश खर्चने, सेनापति, मन्त्रीलाई तथा आफू नजिक रह्नेलाई सदा दानमानले खुशी राख्ने, न बढी रीस राख्ने र न कसैसंग बढी प्रेम गर्ने, दुर्ग (किल्ला)को रक्षकसंग कहिल्यै विरोध नगर्ने ।

त्यस्तै, खाना (तोप, गज आदि) निवासी, राजधानीभन्दा टाढा नगरनिवासी, पर्वत/दुर्ग/जंगल निवासी, टापु वा तट निवासी, परदेशी, द्वीपान्तरनिवासी तथा कुनैपनि देशका निवासीसंग राजाले बराबर हेरचाह गर्ने । गुप्तरूपधारी, संन्यासीवेषधारी, बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाई**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**संवाददाता**
**रामशरण रिमाल**

**सहायक सम्पादक/संवाददाता**
**गोविन्द विक**

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# प्राणी र पानी

विश्वमा स्वच्छपानीको दिगो व्यवस्थापनका लागि सन् १९९२ मा वातावरण र विकाससम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनले सिफारिस गरेअनुसार सन् १९९३ देखि हरेक वर्ष मार्च २२ लाई विश्व पानी दिवसका रूपमा मनाउने गरिएको छ । नेपालमा पनि पानीको स्रोतको संरक्षण, गुणस्तरीय पानीको सहज एवं सर्वसुलभ वितरण र व्यवस्थापनमा जनचेतना जगाउने कार्यक्रम आयोजना गरिँदै आइएको छ । तर यस्ता कार्यक्रमहरू औपचारिकतामा मात्र सीमित छन्, प्रतिफल सतहमा देखिएको छैन । मेलम्चीको पानीका पाइपबाट पानी चुहिएर खेर गइरहेको दृश्य यसको मजबुत गवाही हो । जीवनका हरेक पक्षमा आवश्यक पर्ने स्वस्थ्य तथा सक्षम जनशक्तिको विकास र अन्तत: गरिबी निवारणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने न्यूनतम आधारभूत आवश्यकताको रूपमा रहेको पानी क्षेत्रको विकासका लागि विगत योजनादेखि नै प्राथमिकताका आधारमा कार्यक्रम सञ्चालन गरिँदै आए पनि तिनले प्रभावी परिणाम दिन सकेका छैनन् ।

संसारमा २ अर्ब २० करोड जनसंख्या सुरक्षित खानेपानीको पहुँचबाट तथा चार अर्ब २० करोड मानिस आधारभूत सरसफाइबाट वञ्चित रहेको तथ्यांक छ । नेपालको कुरा गर्ने हो भने उच्च हिमाल एसिया क्षेत्रकै पानी ट्यांकीका रूपमा रहेका छन् र १ अर्ब ५० करोड जनसंख्या त्यससँग प्रत्यक्ष जोडिएका छन् । तर जलवायु परिवर्तनको सबैभन्दा बढी असर पानीकै क्षेत्रमा देखिँदैछ । हिउँले सेताम्मे देखिने हिमटाकुराहरू कालापत्थरमा परिणत हुँदै जाँदैछन् । जलवायु परिवर्तनको जोखिम न्यूनीकरणमा ध्यान नदिएमा आगामी दिन विश्वमा नै पानीको संकट गहिरिने निश्चित छ । त्यसैले पनि राष्ट्रसंघले यस वर्षको विश्व पानी दिवसको नारा पानीको क्षेत्रमा परिवर्तनको गति बढाउनुपर्ने तय गरेको छ । पानी खाद्यान्नसँग सिधै सम्बन्धित छ । पानीबिना कृषि सम्भव छैन, खाद्यान्नबिना मानव जीवन सम्भव छैन । जलवायु परिवर्तनले जैविक विविधतामा पनि त्यत्तिकै असर पुऱ्याएको छ । एकातिर पानी अभाव अर्कोतिर भएका नदीनाला र पानीका स्रोत दुषित र प्रदूषित छन् । पहाडमा मात्र होइन तराईको चुरे क्षेत्र दोहनका कारण तराईमा पनि जलवायु परिवर्तनको जोखिम बढेर गएको छ । ०७२ को भूकम्पपछि थप पानीका स्रोत प्रभावित भएका छन् ।

काठमाडौं उपत्यकाभित्रका नदीनाला स्वच्छ सफा र व्यवस्थित बनाउन सरकारले सकेको छैन । वाग्मती, विष्णुमति, मनोहरा, धोवीखोला, टुकुवा, हनुमन्ते, गोदावरीजस्ता नदीहरूलाई स्वच्छ बनाउने अभियानले सार्थकता पाएको छैन । खुला दिसामुक्त क्षेत्र घोषणा गरिए पनि यी नदीनाला दिसामुक्त हुन सकेका छैनन् । प्लास्टिक फोहोरको डुंगुरले नदीहरूको वहावलाई नै प्रभावित बनाइरहेको छ । यी नदीहरू भूमाफियाहरूको चंगुलमा परेर विस्तारै साँघुरिएका छन् र नदीमाथि बस्ती बसिरहेका छन् अनि वर्षायाममा नदी बस्तीहरूमा पसिरहेका छन् । सबै नागरिकमा स्वच्छ पानी पुऱ्याउने सरकारी दायित्व भए पनि सरकारी स्तरमा सञ्चालित खानेपानी योजना पनि २४ प्रतिशत जति मात्रै आंशिक सञ्चालनमा रहेको अवस्था छ । जलवायु परिवर्तनले अतिवृष्टि अनावृष्टि बाढीपहिरो जस्ता समस्या देखिएका छन् । वातावरणमैत्री विकास निर्माणमा राज्यको चासो छैन । सहर विस्तार र सडक विस्तारका क्रममा वातावरणलाई केन्द्रमा राख्ने गरिएको छैन ।

सहरी विकास मन्त्रालयको तथ्यांकअनुसार एक लाख ८० हजार निजी र एक हजार एक सय ९६ वटा सार्वजनिक धाराबाट करिब २६ लाख उपभोक्ताले मात्र पिउनेपानी उपभोग गरिरहेका छन् । उपत्यकामा पिउनेपानीको माग दैनिक ४० करोड लिटरभन्दा माथि छ । मेलम्ची समेत गरी आपूर्ति भने हिउँद याममा ३० करोड लिटर मात्रै हुनेछ । मेलम्चीअन्तर्गत दोस्रो चरणमा यांग्री र तेस्रो चरण लार्केबाट दैनिक १७/१७ करोड लिटर पानी आएपछि मात्र उपत्यकामा पिउनेपानी समस्याको समाधान हुने सम्बन्धित क्षेत्रको दाबी छ । पिउनेपानीको समुचित वितरण अभाव, बढ्दो जनसंख्या र तीव्र सहरीकरणका कारण पानी आपूर्तिमा ठूलै समस्या देखिएको छ । ढुंगेधाराहरू सुक्दै गएका छन् भने भूमिगत पानीको सतह समेत घटेर कुवा, इनार र ट्युबबेल स्रोत हराउँदै गएको छ ।

एक सरकारी तथ्यांकअनुसार जमिनमुनिको पानी ६८ मिटर तल झरेको छ । काठमाडौंमा प्रत्येक वर्ष वर्षायाममा तीन खर्ब ५० अर्ब लिटर पानी वाग्मती नदीबाट मात्र बगेर खेर गइरहेको तथ्यांक छ । त्यसबाट २५ प्रतिशत मात्र बचत गर्न सकिए काठमाडौंको हालको मागअनुसार २२ करोड लिटरका दरले एक वर्ष बढी समयका लागि पुग्न सक्ने अनुमान सम्बन्धित क्षेत्रका विज्ञहरूको छ । दैनिक २२ करोड लिटरका हिसाबले एकजनाको भागमा ८८ लिटर पानी पर्न आउँछ । वर्षाको पानीलाई विभिन्न उपायबाट संकलन गरेको खण्डमा राजधानीबासीको दैनिक माग सहजै पूरा हुन्छ । यसका लागि सम्बन्धित निकायले बेलैमा विचार पुऱ्याउन जरूरी छ ।

# के हो Sharing Common Future भनेको ? सम्भव छ ?



**सुरेन्द्र ढकाल**

१० वर्षअगाडि चीनका राष्ट्रपति सि जिन पिङले आफ्नो देशसँग व्यापार गर्ने विश्वका सबै राष्ट्रहरूलाई सिधा यातायात (Direct Connectivity) ले जोडने महत्वाकांक्षी योजना BRI को कार्यान्वयन सुरु गरे। सोअनुरुप नेपाललगायत विश्वका १४७ भन्दा बढी राष्ट्रहरूसँग चीनको बिआरआई सम्झौता भई कार्यान्वयनको चरणमा पुगिसकेको छ। नेपालमा यसअन्तर्गत कुनै पनि परियोजना सुरु भएको छैन। यद्यपि चीनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सोही परियोजना अन्तर्गत हो भनेको अवस्था छ। नेपाल सरकारले चाहिँ होइन भनेको छ।

बिआरआईलाई विस्तृत ब्याख्या गर्ने क्रममा विश्व विकास अग्रसारिता (Global Development Initiative GDI) र विश्व सुरक्षा अग्रसारिता (Global Secutrity Initiative GSI) जस्ता कुराहरूलाई राष्ट्रपति सिले अगाडि ल्याएका छन्। GDI ले हरेक देश आफ्नो आर्थिक समृद्धिको समान हकदार छ भनेको छ भने GSI ले हरेक देशले आफ्नो आत्मरक्षा आफैंले गर्नुपर्छ, विकास सहयोगको नाममा कुनै पनि देशलाई आफ्नो सुरक्षा छातामुनि राख्न पाइँदैन भन्ने कुराको पैरवी गरेको छ। सो कुरालाई स्पष्ट पार्दै राष्ट्रपति सीले विकास सहयोगको नाममा चीनले कुनै पनि देशको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने र कुनै पनि देशलाई आफ्नो सुरक्षा छाताभित्र ल्याउने प्रयास नगर्ने बताएको छ। Sharing Common Future यसप्रकार GDI को अभिन्न अंग बन्न पुगेको छ।

**सम्भव छ त ?**

शीत युद्धकालमा हुनेखाने देश (Haves) हरूले हुँदाखाने देश (Haves Not) हरूलाई सहयोग र विकासको राजनीतिको ललिपप चटाए। सन १९९० सम्म आउँदा सहयोग र विकासको राजनीति असफल भयो। धनी देश झन् धनी बन्दै गए भने गरिब देश झन गरिब। ९० को दशकको शुरुवातसँगै सोभियत संघको पतन भएपश्चात् अमेरिका र पश्चिमा देशहरूले औपचारिक रुपमा सहयोग र विकासको राजनीति अन्त्य गरी अब सहयोग होइन, व्यापार (Trade, not Aid) भन्दै सबै राष्ट्रहरूलाई विश्व व्यापार संगठनको सदस्यता लिन र लिएमा उनीहरूको बजारमा हुँदा खाने देशका वस्तुहरूलाई विना भन्सार प्रवेश (Generalized System of Preference GSP) को सुविधा दिने कुरा बताए।


समृद्धि सहयोगबाट होइन, व्यापारबाट मात्रै हुन्छ भन्ने कुरा ठोकुवा गरे। यसअन्तगर्त चीन, नेपाललगायत विश्वका झण्डै सबै राष्ट्रहरूले विश्व व्यापार संगठनको सदस्यता लिए तर हुँदाखाने देशहरूले यसबाट फाइदा उठाउन सकेनन्। चीनले यसबाट बेस्सरी फाइदा उठाउँदा उसको केन्द्रीय बैंकका ४० खरब डलर संचिती हुन पुग्यो भने नेपालजस्ता देशका उद्योगहरू बन्द भई ठूलो व्यापारघाटाको चपेटामा पर्न पुगे। व्यापारमा भएको ४० खरबभन्दा बढी वचतको लगानी अन्तर्राष्ट्रिय रुपमै गर्ने भन्दै चीनले पूर्वाधार विकास बैंक खोली बिआरआई परियोजना अघिसारेपछि अमेरिका र पश्चिमाहरू तर्सिएको अवस्था छ।

सहयोग होइन, व्यापार भन्ने अमेरिका र पश्चिमा राष्ट्रहरू अब सो कुरा त्यागी पुन: अनुदान र सहयोग सिद्धान्त अंगाल्न आइपुगेका छन्। एमसीसी त्यसैको उदाहरण हो। यो सिद्धान्त अंगाल्दा उनीहरूले सैनिक सुरक्षालाई पनि जोडेका छन्। अमेरिकाद्वारा कार्यान्वयनमा ल्याइएको MCC, IPS, QUAD, AUKUS, र SPP हरू अमेरिकी सुरक्षा स्वार्थका पछिल्ला उदाहरणहरू हुन् जस्मा नेपाललाई समेत घुमाइ फिराइ अमेरिकाले संलग्न गरिसकेको अवस्थामा नेपाल युक्रेन बन्ने लहरमा लागि सकेको देखिन्छ। यसलाई चुनौति दिने भनेको अब चीनको GDI नै हो तर के GDI ले समान समृद्ध भविष्यको व्यावहारिक अनुभूति चीनसँग व्यापार गर्ने सबै राष्ट्रहरूलाई दिन सक्छ त ? यस प्रश्नको जवाफ खोज्ने हो भने GDI अनुत्तरित जस्तै देखिन्छ।

समान समृद्ध भविष्य भन्ने कुरा त्यस बेला मात्र फलिभूत हुन्छ जब चीनसँग व्यापार गर्ने देशहरू व्यापार घाटाको चंगुलबाट मुक्त भई चीनजस्तै व्यापार वचत गर्ने अवस्थामा पुग्छन्। त्यसका लागि त्यस्ता राष्ट्रहरूले आयात प्रतिष्थापन र निर्यात प्रवर्द्धन गर्ने कुरामा सफलता प्राप्त गर्नुपर्ने हुन्छ। त्यो भनेको चीनसँग व्यापार गर्ने राष्ट्रहरूको आन्तरिक उत्पादन वृद्धिमा चीनले बिआरआईअन्तर्गत कतिको लगानी सहयोग गर्न सक्छ त्यसमा निर्भर हुन्छ। त्यस्ता देशहरूमा चीनले जुन परिमाणमा निर्यात गर्दछ, त्यही परिमाण (Buy Back Principle BBP) मा आधारित त्यस्ता देशहरूबाट वस्तु वा सेवा चीनमा आयात गर्छ गर्दैन त्यो कुराले पनि समान समृद्ध भविष्यलाई कार्यरुपमा परिणत गर्ने कुरा उत्तिकै महत्व राख्छ अन्यथा समान समृद्ध भविष्य पनि नारामा मात्रै सीमित हुन जानेछ।






**नेपालको अनुभव**

चीनसँगको नेपालको व्यापारलाई आधार बनाएर समान समृद्ध भविष्यको कुरा गर्ने हो भने त्यो पनि त्यति सहज देखिँदैन। जसका प्रमाणहरू यस्ता छन :

१) चीनसँग भएको नेपालको खासा र केरुङका नाकाहरू नै सहज व्यापारका लागि योग्य छैनन्। यी सडकहरू चौडा गरी सबै ऋतुमा चल्ने बनाउन चीन नेपाल दुवै असफल भएका छन्। अरु नाकाहरू खोल्नेतर्फ पनि दुबै पक्षको त्यतिको चासो देखिएको छैन। चीनले एकतर्फी रुपमा मनलागे नाका खोल्ने मन नलागे नखोल्ने कार्य गरिरहेको छ र नेपालले कुनै प्रभावपूर्ण प्रतिक्रिया जनाएको देखिदैन।

२) चीन र नेपालबीचको व्यापार अहिले पनि वस्तु विनिमयको आधार (Barter) मै चलिरहेको छ। व्यापारलाई आधुनिक बैंकिङ माध्यमबाट चलाई सुचारु गर्नेतर्फ दुबै पक्ष इच्छुक देखिएका छैनन्।


३) चीनसँगको व्यापारघाटा कसरी कम गर्ने, त्यसका लागि चीनबाट कुन कुन क्षेत्रमा कस्तो लगानी गरी चीनमा नेपालबाट निर्यात हुने वस्तुको उत्पादन र सेवाको कसरी वृद्धि गर्न सकिन्छ भन्ने कुरा दुबै पक्षबीच सुरुवात नै भएको छैन।

४) केपी ओलीको सरकार हुँदा ठूलो तामझाम र होहल्ला गरी सम्पन्न भएको नेपाल चीन व्यापार तथा पारवहन सन्धिको कार्यान्वयन गर्नेतर्फ अझसम्म कुनै गृहकार्य नै भएको छैन। यसमा दुबै पक्षले चासो देखाएका पनि छैनन।

५) त्यसको ठीक विपरीत आईपीएस, एमसीसी अनि एसपीपीजस्ता अमेरिकी सुरक्षा योजनाहरूमा नेपालको संलग्नता बढ्नुले चीन नेपालसँग सशंकित भएको अवस्था रहेकोले पनि दुबै पक्षबीच सहमति भएको बिआरआई अन्तर्गतका परियोजनाहरू पटक्कै अघि बढ्न सकेका छैनन् भने अर्कोतर्फ चीनले एकतर्फी रुपमा बिआरआई परियोजनाअन्तर्गत हो भनेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पनि पूर्णरुपमा चालु भई त्यसबाट हुने कमाइले चिनिया ऋणको साँवाब्याज भुक्तानी गर्ने अवस्था नभएको हुँदा नेपाल चिनिया ऋणको पासोमा पर्ने देखिन्छ।

यी सबै कुराहरूको विश्लेषण गर्दा GDI अन्तर्गत समान समृद्ध भविष्यको विचारलाई परियोजनामा परिणत गरी कायान्वयन गर्न त्यति सहज हुने देखिदैन।

# खगेन्द्र संग्रौलाको “एक बागी” बारे केही कुराहरू



**सुदर्शन प्रधान**

बेला प्रकाशनले ‘एक बागी (खगेन्द्र संग्रौलाको साधना र संघर्ष) २०७९ कार्तिकमा छापेको छ। उज्ज्वल प्रसाईंबाट लेखन तथा सम्पादन भएको यो पुस्तक ४७६ पेजको छ। मूल्य रु. ९४५ को यो पुस्तक प्रकाशनमा प्रत्युष वन्त, दीपक भेटवाल र संगीत श्रोताको महत्वपूर्ण भूमिका भएको लेखकको कथन छ। यो पुस्तकप्रति लेखक उज्ज्वल प्रसाईं जति जिम्मेवार छन्, संग्रौलाको पनि उत्तिकै छन्। किनकि लेखकले हरेक शीर्षक लेखेपछि संग्रौलालाई पढ्न दिएको र तिनको राय-सुझावलाई लेखकले मध्यनजर राखी परिष्कृत गरेको छनक पाइन्छ । साथै संग्रौलाले लेखक उज्ज्वललाई आत्मवृत्तान्त सुनाएको र आफ्ना लेख-साहित्यहरू उपलब्ध गराएको र स्रोतहरू पनि दिएको छ।

नेपालको राजनीतिक, साहित्यिक र बौद्धिक जगतमा परिचित खगेन्द्र संग्रौलाको बाल्यकाल, पारिवारिक पृष्ठभूमि, किशोरकाल, युवाकाल, साहित्यिक र राजनीतिक ज्ञानको स्रोत, काठमाडौं बसाइ, लमजुङ जिल्लाको खुदी र चुँदी, बन्दीपुर, दमौली अनि चितवनको भरतपुर हुँदै काठमाडौंमा पुनर्आगमनको व्याख्या छ । राजधानीबाट सामयिक राजनीतिक, साहित्यिक टीका-टिप्पणी र आफ्ना विचारहरू सम्प्रेषण गर्ने संग्रौलाले अनुवादका कार्यहरू पनि गरेका विवरणहरू पुस्तकमा छन्।

यस पुस्तकबाट संग्रौलाको जीवनका धेरै कुराहरू ज्ञात हुन्छ । उनको विचार, धारणा र व्यावहारिक कुराहरू यथार्थ रूपले जान्न केही सहयोग पुग्छ। साथसाथै उनका कमी-कमजोरी र गल्तीहरू पनि त्यहाँ छिपेका छन् । जुन विषय तिनलाई मात्र थाहा हुन्छ जो उनको समीपमा थिए र उनलाई नियालिरहेछन् ।

इतिहासलाई यथार्थ रूपमा स्वीकार्नु, कमी-कमजोरीहरू हटाउन तयार हुनु, निस्वार्थ र इमान्दार रूपले प्रस्तुत हुनु भनेको प्रगतिशीलताको मूल आधार हो । समाज र संसारभरिका मानव समुदाय र यो विशाल र महान् धर्ती भनौं प्रकृति अत्यन्त दुष्ट, भ्रष्ट, अपराधी, लुटेराहरूका वैचारिक र भौतिक रूपले पनि तिनको कब्जामा छन्, नियन्त्रणमा छन् । सशक्त वैचारिक र भौतिक हस्तक्षेप विना विश्वका अति परिश्रमी वर्ग महिला, मजदुर, किसान तथा मेहनतकस वर्ग मुक्त हुने छैन । प्रकृति भनौं धर्तीवादीहरूले पनि राज्यसत्ता नियन्त्रणमा लिन सक्ने छैन । तसर्थ धर्तीयोद्धाहरू (Planet fighters) हरेक विषयमा अचुक नीति निर्देशन गर्न र परिआउँदा जीवनमरणको मैदानमा ओर्लिन र सफलता हासिल गर्न सजग र सचेत बन्नु पर्छ। यसको लागि इतिहासको यथार्थता आत्मसात गर्नुपर्छ। व्यवहारबाट उठेका सैद्धान्तिक दार्शनिक अवधारणा र कार्यदिशा तय गर्नुपर्छ । कार्यकर्ता र नेतृत्वको दैनिक क्रियाकलापहरू क्रान्तिकारी छ वा गैरक्रान्तिकारी ? ठिक भए संरक्षण गर्दै जानु पर्छ ।तर गलत भए सुधार्न प्रयत्न गर्नुपर्छ, नसुध्रिए पन्छाउन पर्छ। त्यहाँ निर्मम संघर्षहरू पनि हुनसक्छ जहाँ कुनै मोलाहिजाले स्थान पाउनुहुन्न । अब हामी मूल विषयवस्तुमा प्रवेश गरौं ।

इतिहासमा महत्वपूर्ण काम कारबाही गर्दै आएका र प्रेरणादायी व्यवहारहरू प्रदर्शन गरेका व्यक्तित्वहरूलाई उत्थान र स्थापित गर्नु मार्क्सवादीहरूका परम कर्तव्य हुन् । साथसाथै इतिहासमा गलत र घातक प्रवृत्ति र चिन्तन बोकेका, व्यवहार गरेका मान्छेहरूलाई यथार्थ तथ्यहरू अगाडि राखेर तिनलाई नङ्ग्याउनु पनि उत्तिकै महत्वपूर्ण सवालहरू हुन् । यो कुराले समाजमा न्याय र सत्यको विजय हुन मद्दत पुग्छ त घातक प्रवृत्ति बोकेकाहरूलाई पतन तुल्याउन सहयोग हुन्छ । खगेन्द्र संग्रौलाले अघिपछि जे जस्तो कुरा गरे पनि आफ्नो ‘एक बागी (खगेन्द्र संग्रौलाको साधना र संघर्ष) मा एक ऐतिहासिक विषयमा उपरोक्त कुराको विरुद्धमा देखिन्छ । त्यो कसरी त भने उक्त पुस्तकको पेज १५८ मा कामरेड रोहितबारे संग्रौलाले भन्छन्, “रोहितले गम्भीर मुद्रा धारण गर्दै भने नेकपा मालेको रवैया त देखिरहनु नै भएको छ । न कार्यदिशा ठिक छ न गतिविधि राम्रा छन् । यिनले भ्रम मात्र सिर्जना गरेका छन् । यिनीहरूको भण्डाफोर गर्दै एउटा उपन्यास लेख्नुस् न । तपाईं त सिर्जनशील मान्छे, यसो एक दुई महिनामा लेखिहाल्नुहुन्छ । प्रकाशनको प्रबन्ध म मिलाउँला ।”

सधैँभरि नेताको लाइनबाट निर्देशित हुन इन्कार गर्ने खगेन्द्रले यसपाली पनि त्यसी गरे । (उही पेज) तर रूपलाल विश्वकर्माबारे चाहिँ संग्रौलाको कथन छ- “सर्वहारावादी कम्युनिष्ट लिगमा रूपलाल विश्वकर्माको नेतृत्वमा भएको नेपाल मजदुर किसान संगठनसँग एकता गर्नेबारे छलफल सुरु भएको हुन्छ । ... आफैले स्वनाम साथी र रूपलालको भेट गराइदिएका थिए ...” (पेज १६४) ।

पुस्तकको कैयौं ठाउँमा जुगेडी संघर्षका नेता, दलित जातिका नेता, न्यायको आवाज उठाउँदा निर्घात चुटाई खाएका इतिहासका योद्धा भनेर रूपलाललाई आदर्श नेताको रूपमा प्रस्तुत गरिएको छ। कांग्रेस पार्टी नजिकका इतिहासविद् डा. राजेन्द्रप्रसाद रेग्मीको दुहाई दिएर पनि रूपलाललाई एक महान् नेताको रूपमा भावहरू व्यक्त भएको छ।

वास्तवमा का. रोहित र रूपलाल विश्वकर्माको हो त ? उनका यथार्थ कुराहरू कस्ता-कस्ता छन् त ?

“काठमाडौं उपत्यकास्थित भक्तपुरका मार्क्सवादी नेता नारायणमान बिजुक्छे (कामरेड रोहित) एक आदर्श नेता हुन् । सन् १९८९ (वि.सं २०४५) मा भक्तपुरमा भूकम्पपीडित जनतालाई राज्यले राहत बाँड्ने क्रममा अनियमितता हुँदा जनआक्रोशको घानमा परेर कर्ण हेजुको निधन भयो । त्यस घटनामा पञ्चायती सत्ताले थुप्रै सर्वसाधारण जनतालाई गिरप्तार गरी ज्यान मुद्दा चलाउने षड्यन्त्र गऱ्यो । त्यो संकटपूर्ण घडीमा कामरेड रोहितले प्रहरी प्रशासन र अदालतमाझ स्पष्ट भने, ‘मेरो नेतृत्वको ‘नेपाल मजदुर किसान संगठन’ को निर्णय अनुसार सरकारी अनियमितताको विरुद्धमा भएको विरोध प्रदर्शनमा एक व्यक्तिको मृत्यु हुन पुगेको हो । यसमा सर्वसाधारण जनताको कुनै दोष छैन । यदि यो मृत्यु प्रकरणमा दोषी नै देख्ने हो भने त्यसको नैतिक जिम्मेवारी म लिन्छु । तिमीहरूको कानुनी कारबाही मलाई गर ! सर्वसाधारण सम्पूर्ण जनतालाई मुक्त गर ।’ त्यसपछि गिरफ्तार १०१५ जना किसानहरू छोडिए र का. रोहित पञ्चायती सत्ताको कालकोठरीमा पुगे। बहुदलको आगमनलगत्तै उनी छुटे ।” (मनसुन- पृथ्वीको सुरक्षा कसरी हुन्छ ? मानव समाजमा शान्ति र सुव्यवस्था कसरी स्थापना हुन्छ ? पेज ३२-३३)

(क्रमश:)

**इतिहासलाई यथार्थ रूपमा स्वीकार्नु, कमी-कमजोरीहरू हटाउन तयार हुनु, निस्वार्थ र इमान्दार रूपले प्रस्तुत हुनु भनेको प्रगतिशीलताको मूल आधार हो । समाज र संसारभरिका मानव समुदाय र यो विशाल र महान् धर्ती भनौं प्रकृति अत्यन्त दुष्ट, भ्रष्ट, अपराधी, लुटेराहरूका वैचारिक र भौतिक रूपले पनि तिनको कब्जामा छन्, नियन्त्रणमा छन् ।**

# हाम्रो सामाजिक सक्रियता

## भीमसेनगोला माध्यामिक विद्यालय तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

सुरेन्द्र ढकाल



कामनपा वडा नं. ३१ पूर्वउत्तर बानेश्वरमा अवस्थित यस श्री भीमसेनगोला माध्यामिक विद्यालयको स्थापना वि.सं.२०२२ सालमा हालको वडा कार्यालयको दक्षिण भीमसेनगोला भन्ने स्थानमा स्थानीय वुद्धिजीवि, समाजसेवी, शिक्षाप्रेमीहरूको सामूहिक प्रयासबाट भई हालको स्थानमा स्थानान्तरण गरिएको हो। विद्यालयको शैक्षिक र भौतिक अवस्था सुधार गर्न यस क्षेत्रका अभिभावक, विद्यालय व्यवस्थापना समिति, प्रदेश र संघीय प्रतिनिधिहरूको महत्वपूर्ण योगदान रहेको छ। हाल यस विद्यालयमा बालविकास कक्षादेखि कक्षा दशसम्म अध्ययन अध्यापन गराइन्छ। कुल विद्यार्थीको संख्या ३४० रहेको यस विद्यालय शैक्षिक गुणस्तर वृद्धिका लागि निरन्तर रुपमा लागिपरिरहेको छ।

हाल यस विद्यालयको बालविकास कक्षामा २ शिक्षक, प्राथमिक विद्यालयतर्फ ११ जना, निम्न माध्यामिकतर्फ ५ जना, माध्यामिकतर्फ ३ जना, नेपाल भाषा



शिक्षक २ जना, कार्यालय सहायक १ जना र कार्यालय सहयोगी १ जना रहेका छन्। विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि संघीय सांसद प्रकाशमान सिंहकी धर्मपत्नी सिर्जना सिंहको पहलमा यस विद्यालयमा अध्ययनरत बालविकास कक्षादेखि कक्षा ६ सम्मका छात्रछात्राहरूलाई Global Cooperation For Development China Foundation For Rural Development ललितपुरको सहयोगमा नियमित दिवा खाजाको कार्यक्रम संचालन भइरहेको छ।

वि.सं. २०७९ सालदेखि सुरेन्द्र ढकाल प्रतिष्ठानबाट यस विद्यालयलाई सहयोगको सुरुवात भएको छ। जसअनुरुप पहिलो वर्ष प्रतिष्ठानले रु एक लाख बराबरको स्टिलको दराज र कार्यालय टेवल विद्यालयलाई सहयोगस्वरुप उपलब्ध गराएको छ। प्रतिष्ठानले नियमित वार्षिक सहयोग गर्ने उद्देश्यले विद्यालयलाई प्रतिष्ठानसँग आवद्ध गराएको हुँदा आगामी शैक्षिक सत्रहरूको लागि पनि विद्यालय र प्रतिष्ठानबीच सहकार्य अगाडि बढ्दै जाने सहमति भएको छ।

सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य भई विद्यालयको भौतिक अवस्थामा क्रमशः सुधार आउने भएको कारण प्रतिष्ठानसँगको सहकार्यलाई विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले उच्च मूल्यांकन गरेको छ।









कथा

# अनुत्तरित प्रश्नहरू

कृष्ण केसी

चौडा छाती फिजाएर सललल बगेको सलवा रोडमाथि हुइकिएको आफ्नो कम्पनीको गाडीमा म निद्राले झुलिरहेको हुन्छु। हरेक जसो दिन यही बाटोबाट ओहोर-दोहोर गर्दा देखिने विकासे गतिविधिले आधा घन्टाको यात्रामा म सधैं जसो आफ्नो देशको कछुवागति विकास र राजमार्गहरूको दुर्दसलाई जोडेर यहाको विकाससँग तुलना गर्ने गर्छु, सायद यो मेरो देश प्रतिको देशप्रेम होला। रातभरिको ड्यूटीले थाकेको शरीर,सधैंजसो बिहानीको यात्रामा अर्धनिद्रमा यात्रारत रहदा मेरो मोबाईलमा सधैं एकनासले घन्टी बजिरहन्छ। मोबाईललाई गोजीबाट निकालेर हेर्छु छोरी पारुको कल देखिएको हुन्छ। घडी हेर्छु बिहानको ५:४५ बजेको हुन्छ सायद यतिखेर नेपालमा बिहानको ८:३० बजेको हुनुपर्छ अनुमान मात्र लगाउछु।

कतारको ट्राफिकलाई थेग्न सक्ने गरी बनाइएको सलवा रोड्लाई नापेर मेरो गाडी लगातार आफ्नै गतिमा कुदिरहंछ एकनासले अनि छिर्दछ सम्झदा भारतको बिहार जस्तै लाग्ने कतारको औधोगिक सहर सनैयामा। आफ्नो गन्तव्यमा पुगेर म चढेको बसले पनि लामो सास फेर्दै अर्को टिरिपको प्रतीक्षा गर्दछ। थाकेर लखतरान परेको शरीर लिएर कोठामा पुगी आफ्नो ओछ्यानमा गर्लम्म पल्टीनछु ताकी रातभर थाकेको शरीरले केही क्षण भएपनि बिश्राम पावस भनेर। फेरि उसै गरी मोबाइलको घन्टी बजिरहन्छ एकनासले।

केही आशा,केही जिज्ञासा लिएर छोरीको मोबाइलमा फोन लगाउछु। एक घन्टी पनि राम्ररी बज्न नपाउदै छोरीले फोन रिसिभ गर्छे र सोध्छे- 'बाबा कहिले आउनुहुन्छ के घर भनेर?' अनि एकनासले रोइमात्र रहन्छे फोनको सम्पर्क बिच्छेद नहुदासम्म। दिनहुको फोन सम्पर्कमा यस्तै यस्तै प्रश्नहरू सोध्छे अनि सुक्सुकाउदै रोइरहनछे। नचाहेर पनि उसको रुवाई सुन्न नपरोस भनी फोन सम्पर्कलाई बिच्छेद गरिदिन्छु केवल केही क्षणको शान्तिको लागि।छोरा-छोरी प्रतिको वात्सल्य माया गहभरि छचल्किएर आउछन अनि बगेर चाउरी परेर मुजामुजा परेका गालाभरि बयाली खेल्दै खस्छन आफ्ना गन्तव्यति। ठुलो स्वरमा मोबाइलबाट संगीत लगाउने प्रयास गर्छु बर्तमानमा बल्झिएका घाउहरूको निदानको लागि। अफसोच सबै ब्यर्थ भैदिन्छ यो अनकन्टार,आफ़न्तबिनाको बिरानोमरभूमिको देशमा। सधैंजसोका एकैनासे प्रश्न अनि जिज्ञासाहरूलाई अनेक थरिका बहानामा विश्वास दिलाउदै छोरीलाई फकाउने प्रयत्नहरू गरिरहन्छु तर सक्दिन।

'दुनियालाई यही काम गरे पनि त भएको छ' एक दिनको वार्तालापमा यही बाक्यबाट उठान गरेकी थिई उसले आफ्ना जिज्ञासालाई र भनेकी थिई 'मेरो पढाइको लागि हो भने बरु म पढ्दिन तपाई जसरी भए पनि घर आउनुस।' कस्तो माया अनि कस्तो आशा छोरीको आफ्नो बाबा प्रति। छोरीका जिज्ञासा र प्रश्नहरू अनुत्तरित बनी मडारिन्छन आफ्नै दिमागभरी र तितरबितर बनेर छरपस्ट बनिदिञ्छन हरेक ज्ञानेन्द्रीयहरूमा एक तमासले,निकै लामो समय सम्म,आफ्नै गतिमा निरन्तर आफ्नै गतिमा।

हो मेरी माइली छोरी पारु। त्यसो त उसको नाम प्रशंसा हो उसको आफ्नो ठुलो मामाले राखिदिएको नाम।मायालु भाषाले बोलाउदा म सधैं उसलाई पारु भनेर बोलाउने गर्छु। कहिलेकाही रिस उठ्दा 'पारे' भनेर थर्काउने प्रयास गर्छु। यसरी उसको नाम बिगारिदिदा ऊ काली-निली हुन्थी र अँध्यारो मुख लगाएर एककोहोरो निहुरि मात्र रहन्थी। पोहोर साल छुट्टीमा घर गएको बेला एक दिन हाम्रो डेरामा उसको साथी ऊसँगै भएको बेला अनायासै 'पारे' भनेर सम्बोधन गर्न पुगेछु। यही नामलाई उसको साथीले मजाकै मजाकमा स्कुल भरि प्रचार गरी दिएछ र ऊ आफ्ना साथी-भाइ अनि शिक्षक-शिक्षिका सामु लज्जबोध्ले शिर निहुराउन पुगीछ। त्यहा देखि उसले मलाई बाचा गरेकी थिई 'पारे' नभन्नु ल भनेर। यही मायालु छोरी जसलाई ७ वर्षको छाडेर उसको भबिष्य बनाउन चाहिने धनका बिटाहरू बटुल्न यो उजाड मरभूमिमा हानिएको थिए। त्यसबेला सानी थिई केही बोलिन तर आज ऊ ठूली भैसकी प्रश्नहरू तेर्साइरहन्छे र मेरो आगमनको लागि फोनबाट बाचा गराइरहन्छे।



छोरीहरूको उज्वल भविष्यको लागि सपनाको पोको बोकेर बिछोडको त्यो रातभरि जीवन साथीका रोदनले छाती भिजाएर बिदावारी हुदा घाटीबाट निस्कन नसकेका शब्दहरूलाई सकी नसकी मुटु भित्र लुकाएर निलो आकाशमा छोपिएका बादल माथि-माथि बायूपंखी यानबाट उडेर आएको हिजो जस्तै लाग्छ तर समयले दशकौ छिचोल्न लागिरहेछ। 'बाबा हेर्नु ल' भनेर आफ्नो फेसबुकमा पोस्ट गरिएको आफ्नो आमाको मुखाकृत्मा बुढौलीका चिन्हहरू छरपस्ट भैसकेछन तर मेरो यात्रामा आशातित चाहनाहरू आज आफूले ड्यूटी गर्ने तिनै गगनचुम्बी महलहरूमा यताउति भौतारिरहेका छन्। केही पाउने आशामा अनि केही हुन्छ भन्ने विश्वासमा।

सपना चाल्नोमा अन्न केलाए जस्तो हुदो रहेनछ। चाहिने जति सिमलो नचाहिने जति सबै फ्याक्यो। उतार चढावको मानवीय जिन्दगीमा बिछोडका लामा-लामा दिनहरू पनि बिताउनु पर्दो रहेछ। कोखिला भरि आफ्ना सन्तानहरूलाई खेलाउने र ताते-ताते भनेर हिड्न सिकाउने रहर पनि त्यसै त्यसै बितेर जादा रहेछन। गरिबीको घाउ जब मानिसमा बल्झिन पुग्दछ त्यसको उपचारमा सन्तानहरू प्रतिको माया प्रेम सबै त्यसै हराएर जादो रहेछ। सन्तानहरू प्रतिको मायामा मानिस केवल सान्त्वनाका लागि आफू आफैमा कायर बनेर कहालीदै रुदो रहेछ। उतार चढाबको यात्रामा यात्रारत रहदा जब मानिसलाई गरिबीको भूमरीमा रुमल्लिनु पर्दछ त्यसबेला माया प्रेम भन्ने शब्द केवल भन्नका लागि मात्र हुदा रहेछन। आशातित पर्खाइको बन्धकीमा राखिएका माया प्रेमका शब्दहरू त्यतिञ्ज्याल बन्धकीमा रहनेछन; जतिञ्जेल मानिसलाई लागेको गरिबीको घाउले चिथोरिरहनेछ। अन्यथा बाध्यता र विवशताको कठघरामा उसले चाहेर पनि यी शब्दहरूलाई बयान दिन नसक्दो रहेछ। गरिबीको संघारभित्र माया प्रेम भन्ने पवित्र शब्दहरू पनि खिसिटिउरी गर्ने शब्द बन्दा रहेछन,हो त्यस्तै भएको छ मेरो जिन्दगीको यात्रामा पनि। चाहेर र जानेर पनि माया भरिएका शब्दहरूले सिंगारेर मैले ती छोरीका तमाम सरल र सहज प्रश्नको जवाफ मेरा मुखबाट दिन सकेको छैन। त्यसैले बालसुलभताको फाइदा लिदै हरेक वार्तालापमा म छोरीलाई फ़काइरहनछु निरन्तर निरन्तर।

'दुनियालाई यही काम गरे पनि भएकै छ' सारै यथार्थापरक छोरीको यो वाक्यले मलाई हरेक क्षण झस्काइरहनछ हरेक दिनको मेरो कार्य व्यस्ततामा र पनि म विवश छु उसका तथ्यसहितका भनाइहरूका विरुद्ध विदेशी भूमिमा मूल्यहीन पसिना बगाउनमा। उसलाई कति थाहा छ वा छैन मेरो गरिबीको विवशतामा उसकी आमाका सारा यौवन पनि ओइलाएर गैसकेका छन् भनेर। मात्र उसले आफ्नो यथार्थ कहन्छे प्राप्तिको अभिलाषामा, ऊ कल्पिन्छे आफ्नो बाबुको सामिप्यताले प्राप्त हुने शाहसमा तर ऊ अबुझ बनिदिन्छे पारिवारिक आर्थिक अवस्थाको सत्यतामा। आठ वर्षको अनबरत संघर्षमा आज पनि म यही कतारको मुटु दोहामा आफ्ना पाखुराहरू बजारिरहेको छु। हरेक दिन हरेक रात खबरदारीको हेराइमा आफ्नो कर्तव्यलाई पालन गरिरहेको छु केवल केही 'रियाल' पाउने आशामा। बितेका झन्डै सयौ महिनाहरूमा करिब त्यतिनै पटक स्थानीय बैंकहरूका एटिएमबाट सपनाहरू थापिरहे बिपनामा बदल्ने आशामा। हेर्दा हेर्दै कतारका मरभूमिहरू हरियालीमा परिणत हुदै गए' बाटोका हरेक चौबाटा र किनाराहरूमा बाह्रमासे फूलहरू फूल्दै गए; पुराना थोत्रिएका घरहरू भत्किएर विश्वलाई हाँक दिने ठुला-ठुला महलहरूमा परिणत हुदै गए तर मेरो गरिबीको सानो झोला 'रियाल'ले कहिल्यै भरिएन। बरु भरिए शरीरभित्र नसिमलिने जीर्ण रोगहरू अनि थपिए बुढौलीका सबै चिन्हहरू तर पनि अबुझ बनिदिन्छे मेरी मायालु छोरी पारु बाबुको सामिप्यताको रहरमा।

आज ऊ सानी छैन, ऊ ठूली भैसकेकी छ। बुझ्रेर केही सोच्न सक्ने भएकी छ र पनि ऊ अबुझ बनिदिन्छे केवल बाबाको मायामा। ऊ कल्पिन्छे हरेक क्षण लामो समय पछिको मिलनमा यता म भने उसैको भविष्यको चिना कोर्ने अभिलाषामा यो उजाड मरभूमिको उराठलाग्दो गर्मीमा ठिङ्ग उभिएर पहरा दिइरहन्छु मालिकहरूको सम्पति सुरक्षार्थमा।हरेक दिन सुत्नु अघि पसिनाले निथ्रुक्क भिजेर गन्हाएको शरीरलाई उम्लिएसरिको तातो पानीले पखाल्दै ओछ्यानमा पल्टनछु भित्तामा झुण्डिएको प्रभूमनि ट्रान्सफरको भित्ते पात्रोलाई नियाल्दै अनि मनको पेन्सिलले चिन्ह लगाउछु ती दिनहरूमा जुन दिन महिना भरिको तलब एकमुष्ठ छोरीको लागि भनेर घर पठाउने खुसीको दिन हुनेछ। निदाउने कोशिसमा आँखालाई परेलीले ढपक्कै ढाकीदिन्छु तर निद्रा पर्दैन। सिरानी मुनि राखिएको फोटो एल्बमलाई पल्टाउछु अनि हेर्छु क्रमस: आफ्ना सन्ततिका क्रमबद्द गरेर राखिएका तस्बिरहरू र बल्झाउछु बिगतका नबिर्सने र नमेटिने स्मरणहरू

'रात गए अग्राख पलाउछ, हैन हो कति बस्न सकेको अब त आए पनि हुने हो छोरीहरू सारै आत्तिसके, अब त ओत लाग्ने छाप्रो पनि त बनाउनु पर्ला ऋण धन गरेर भए पनि' केही महिना अघि एकै सासमा छोरीकी आमाले मसँग गरेको फोन बार्ता थियो। यो सुनेर मैले हास्दै भनेको थिए-'के गर्ने हो घर बनाएर, घर त भत्कन सक्छ जसको कुनै भबिष्य नै हुदैन, बरु छोरी पढाउ सकुन्ज्याल त्यो उनीहरूको भबिष्य बन्न सक्छ'। यो सुनेर उनी केही बोलिनन मात्र 'अँ' शब्दले कुरा टुंगाएकी थिइन। आफन्त छिमेकीका आफू सरहका दिदी बहिनीहरूले आफ्नो रातो साडी आफ्नै घरको बार्दलीभरि सुकाएको देख्दा उनलाई पनि लाग्दो हो आफूले पनि यसरी सबैले देख्ने गरी सुकाउन पाए त। कति यथार्थ र वास्तविकता लुकाएर राखिएका छन् मन भित्रका सन्दुक हरूमा नखोलिने र नदेखिने गरी भोटे ताल्चा लगाएर यी मेरा परिवारका सपनाहरू; र निराश सिबाए केही हात नलाग्ने मेरी छोरीका आशाहरू। अँझै कति वर्ष कतारको गर्मीमा लाज नमानी बिनासित्ती एकतमासले उडिरहने बालुवा र धुलो मैलोसँग रुमल्लिएर सँगसँगै उड्ने हुन् मेरा र परिवारका सपनाहरू।

मर्न नसकेर देखाउनका लागि बाचिरहेका जस्ता देखिने खजुरका बोट जस्तै यो जिन्दगीको मूल्य र मान्यता मैले कहाँ गएर खोजु ? मेरै आफ्नै दरिद्रतामा वा,मैले चाहेर पनि मेरा रगत र पसिनालाई मेरै आफ्नै भूमिमा बगाउन नपाएकोपश्चातापमा वा,देशलाई चुसेर कंगाल बनाई म जस्ता हजारौ नेपालीलाई बाध्यता र विवास्ताको जातोमा पिसाएर दुनियाको दास बनाएर राख्न चाहने शासक वर्गहरूमा। म आफै अनुत्तरित छु यी मेरा आफ्नै विवश्ताका प्रश्नहरूमा त्यसैले पनि म कसरी जवाफ दिन सक्छु र मेरी प्यारी छोरीका यथार्थपरक र वास्तविक प्रश्नहरूलाई।

# छैटौं निफमा कलाकारहरूको मत






काठमाडौं। चैत २ देखि सुरु भएको छैटौं नेपाल अन्तर्राष्टिय चलचित्र महोत्सव (निफ)को तेस्रो दिन आज 'हेर्दा हेर्दै कहाँ पुगियो' विषयक सेसन सम्पन्न भयो। भृकुटी मण्डपस्थित पर्यटन बोर्डको हलमा सम्पन्न उक्त सेसनका प्रमुख वक्ताहरूमा चलचित्र निर्माता तथा प्रदर्शक अशोक शर्मा, अभिनेत्री स्वस्तिमा खड्का र निर्देशक सुजित बिडारी हुनुहुन्थो। नेपाली फिल्म पहिला र अहिले विषयक छलफलमा दर्शकको सोचलाई केन्द्रमा राखेर डेढ घण्टासम्म सेसन चलेको थियो। सेसनको संयोजन मुभी लभर्सले गरेको थियो।

पहिला थोरै फिल्म बन्थे। त्यसबेला कोही स्टार पनि थिएन। अहिले धेरै फिल्म बन्छन् र स्टार पनि धेरै छन्। त्यसकारण सायद दर्शकले पनि स्टारहरूको अपेक्षा गर्छन्। पहिला आफ्नो प्रतिभा देखाउन फिल्म खेल्नु पर्थो। टेलिफिल्म खेल्नु पर्थो। अहिले आफ्नै फोनका माध्यमबाट आफ्नो प्रतिभा संसारकालागि रिलिज गर्न पाईन्छ। जस्तो टिकटक। पहिला दर्शक र स्टारहरूको भेट फिल्म चलेको ५१ दिने कार्यक्रमहरूमा मात्र हुन्थ्यो। अहिले दर्शकले स्टारलाई भेटिरहन पाए हुन्थ्यो भन्छ। कुनै न कुनै माध्यमले सम्पर्क गर्छ। स्टार भनेको धेरै हलुका हुनुहुँदैन। त्यसकारण दर्शकसँग प्रत्यक्ष सम्पर्कमा धेरै रहनु हुँदैन। हिजो जे जस्ता फिल्म बनेपनि अव भने हामीले हाम्रा लोकल स्टोरीलाई नै ग्लोबलमा पुऱ्याउने उद्धेश्य राख्नु पर्छ। कलाकार अशोक शर्माको मत थियो।

'पहिला सबैकुरामा अपसन कम थियो। अहिले अपसन धेरै छ। आफ्नो कुरा भन्नकालागि मुभी नै खेल्नु पर्छ भन्ने छैन।

अहिले ३ सय मुभी एउटै खाले बन्छन्। र, त्यही बीचमा एउटा फरक खाले फिल्म आउँछ। त्यसकारण दर्शकलाई बानी बनाउन अफ्टेरो परेको हो। तर, क्रिएटिभ फिल्मलाई दर्शकले माया गर्छन् नै।

नेपाली फिल्मका दर्शक कम छन् भन्ने कुरा म मान्दिन। हलमा कम भएपनि युट्युवमा प्रसस्तै भिवर्श छन्। हलमा असफल भएका फिल्मको पनि मिलियन दर्शक पुगेको देखिन्छ। दर्शक थिएनन् भने यस्तो हुन्न थियो। पहिला सिनेमा हल किफायती थिए। अहिले फिल्म हल महंगा छन्। त्यसकारण युट्युव रिलिज पर्खिनु पर्ने अवस्थामा दर्शक पुगेको देखिन्छ। फिल्म मेकरको भन्दा दर्शकको स्तर बढेको जस्तो मलाई लाग्छ। त्यही कारण धेरै फिल्म असफल हुने गरेका छन्। कोरियन फिल्मको कपी गरेको कुरा दर्शकलाई लुकाउन सकिदैन। किनभने उनीहरूले मेकरसँगै त्यो फिल्म हेरिसकेको हुन्छ। हामीले हाम्रो फिल्मलाई ग्लोबलमा पुऱ्याउने हो भने हाम्रै लोकल कथालाई टिप्नु पर्छ।' स्वस्तिमा खड्काले आफ्नो भनाइ स्पष्ट पारिन्।

'फिल्मको क्रेज कहिल्यै घट्दैन जस्तो लाग्छ मलाई। आफ्नै आँखा अगाडि फरक पात्र, जीवन र समाज देख्न पाईने हुनाले मान्छेमा क्रेज रहेको हो। र, रहिरहन्छ पनि। अनि सिनेमा हलको पनि क्रेज सकिदैन। किनभने मोवाइल फोन र ल्यापटपले हलको मज्जा दिन सक्दैनन्। नेपाली फिल्म हेरेर मैले सिकेको कुरा चाहिँ हल्ला गरेर फिल्म हेर्न हो। त्यसवाहेक कमै कुरा सिकेको छु।फेन्टासी हेर्ने नेपाली दर्शक छन् होला। तर उनीहरू दिपिका पादुकोणको बिकिनी सिन हेर्न लजाउँदैनन्। तर, प्रियंकाको बिकिनीलाई झ्लार देख्छन्। मेकरले आफ्नो रुट बनाउनु पर्छ। रुट बनाउन सकिएन भने कहिँ पुग्न सकिदैन। निर्देशक सुजित बिडारीले भने।

# विभेदविरुद्ध दलित आत्मरक्षा अभियान





काठमाडौं। अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस २०२३ को सन्दर्भमा दलित आत्मरक्षा अभियानले वृहत अन्तरक्रियात्मक भेला गरेको छ। जातीय विभेद विरुद्धका अभियान निरन्तर रुपमा चलाइरहेका दलित अभियन्ता डा. मित्र परियारको नेतृत्वमा सञ्चालित दलित आत्मरक्षा अभियानले विशेष गरी हिन्दु वर्ण व्यवस्थाभित्रको हिन्दु धर्मले जात व्यवस्था जोगाइराखेको हुनाले धर्मको व्यापक सुधार गरेर विभेद विरुद्धका ऐन नीतिहरूलाई कठोरतापूर्वक कार्यान्वयन गर्ने र गराउने मार्गमा आफ्ना अभियानहरू सञ्चालन गरिरहेको छ।

अन्तरक्रियात्मक भेलामा दलित गैरदलित समुदायबाट थुप्रै दिगज व्यक्तित्वहरू, अधिकारकर्मी, समाजका अगुवा, अभियन्ता पत्रकारहरूको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रममा आत्मरक्षा अभियानमा सञ्चालक डा. मित्र परियारले आत्मरक्ष अभियानको मुख्य रुपमा दुईवटा उद्देश्य रहेको बताए। एउटा उद्देश्य जातीय विभेदविरुद्ध बनेका कानुनको कडा कार्यान्वयन गराउने र अर्को भनेको धर्मको व्यापक परिमार्जन र सुधार गर्ने रहेको बताए।

आफ्नो समुदायको मुक्तिका लागि अधिकार रक्षाका लागि सबै ऐस आरामको जीवन त्यागेर विभेदको विरुद्धमा खरो आवाजका साथ कठोर रुपमा उभिएको उनको तर्क थियो। आफ्नो मुक्तिका लागि अरुको नेतृत्वमा रहेर सम्भव नहुने देखेर नै आफैंले नेतृत्व गरेर दलित आत्मरक्षा अभियान सुरु गरेको उनले बताए।

अन्तरक्रिया कार्यक्रममा दलित विद्रोह किन ? कसरी ? र कहिले ? भन्ने कुरामा पनि विमर्शको आवश्यक रहेको कुरा परियारले उल्लेख गरे। पलपलमा जातीय विभेदको सिकार भएका दलित समुदायको आत्मसम्मान रक्षाका लागि आफू दिलोज्यान दिएर लाग्ने उदघोष समेत परियारको थियो।

कार्यक्रममा कसैलाई पनि ड्यासमा नराखी सबैलाई समान हैसियतमा राखेर फरकपन देखाइएको थियो। कार्यक्रममा कमला हेमचुरी, आङकाजी शेर्पा, डा. कृष्णभट्ट चन्द, कुमार लिङदेन लगायतका दलितमाथि हुने गरेका जातीय विभेदमाथि कलम चलाउने साथै विभेदका विरुद्धमा खरो आवाज बुलन्द गर्ने सामाजिक रुपान्तरणका पक्षधरहरूले मन्तव्य राखेका थिए। मन्तव्यको क्रममा आत्मपहिचानको लागि विद्रोह आवश्यक भएको र एकल जातीय राज्यसत्ताका विरुद्धमा आवश्यक परे सशस्त्र विद्रोहको बिगुल फुक्न पनि पछि पर्न नहुने कुरा औंल्याएका थिए। मागेर नपाएपछि खोस्नका लागि पनि तयार हुनुपर्ने जिकिर धेरैले गरेका थिए। करिब ७० प्रतिशत जनसंख्या भएको वर्गलाई ३० प्रतिशत जनसंख्या भएको वर्गले शोषण गरिरहेको अब सहेर बस्न नहुने कुरा धेरै वक्ताहरूले राखेका थिए।

संघीय व्यवस्थामा सबै जाती धर्म पेसा र वर्गको प्रतिनिधित्व झल्किने राज्य व्यवस्था हुनुपर्ने अनिवार्य शर्त भए तापनि व्यवहारमा त्यस्तो कहींकतै पनि नभएको तितोसत्यलाई सबैले मनन गरेको छलफलमा पाइएको थियो। दलित जनजाति एकजुट भएर पहिचानका लागि आवाज बुलन्द गर्न ढिला गर्न नहुने दलित र जनजाति एक हुने हो भने जातीय विभेद अन्त्यगर्ने अभियानको सकरात्मक असर ५ वर्षभित्र देख्न सकिने कुरामा अभियन्ताहरूको जोड थियो।

# आदर्श पत्रकारिता पुरस्कारको घोषणा

काठमाडौं। नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको यही मिति २०७९ चैत ३ र ४ गते शंखरापुर नगरपालिका २, जहरसिंहपौवास्थित लाङटाङ इको रिसोर्टमा बसेको बैठकले १ लाख १ हजार १ सय ११ रुपैयाँ राशिको आदर्श पत्रकारिता पुरस्कारझघोषणा गरेको छ। काठमाडौं शाखाको सदस्य रहि निरन्तर पत्रकारिता क्षेत्रको आदर्श र गौरवलाई उच्च राख्ने आदर्श पत्रकारलाई यो पुरस्कार दिइने जिल्ला कार्यसमिति सदस्य रमेश कुमार बोहोराले जानकारी दिए।

चैत्र २५ गते हुने साधारणसभाको अवसरमा उक्त पुरस्कार वितरण गरिने समेत बोहोराले बताए। बैठकले साधारणसभा सम्पन्न गर्न अध्यक्ष सूर्य सुवेदीको संयोजकत्वमा ५१ सदस्यीय समिति बनाउने निर्णय गर्नुका साथै कार्यसमिति सदस्य रमेश कुमार बोहोराको संयोजकत्वमा भित्ते पात्रो ( क्यालेन्डर ) प्रकाशन समिति समेत गठन गरेको छ। बैठकले समसामयिक बिषयमा ९ बुँदे शङ्करापुर घोषणापत्र समेत जारी गरेको कार्यसमिति सदस्री बोहराले जानकारी दिए।

रमेश कुमार बोहोराका अनुसार घोषणामा श्रमजीवी पत्रकारको न्युनतम पारिश्रमिक दोब्बर बनाउनुपर्ने,लोककल्याणकारी बिज्ञापन बापतको रकम दोब्बर बनाउनुपर्ने,साना लगानी तथा स्वरोजगारमूलक संचार माध्यमलाई प्रदान गरिंदै आएको सहुलियतपूर्ण ऋणलाई रु. १० लाखबाट बढाइ रु. २५ लाख पुऱ्याउनुपर्ने,अनलाईन संचार माध्यमलाईसमेत लोककल्याणकारी विज्ञापन विगत दुई आर्थिक वर्षदेखि नै प्रदान गर्ने गरी रकम नै छुट्टाइसकेको तर कार्यविधिको अभावमा हालसम्म पनि कार्यान्वयनको बाटोमा अघि बढ्न नसकेको अवस्थामा तत्काल कार्यविधि बनाएर कार्यान्वयन गर्नुपर्ने , विज्ञापन बोर्डले लोककल्याणकारी विज्ञापन प्रकाशित गरे बापतको रकम विभिन्न बाहनामा रोक्दै आएको रकम तत्काल भुक्तान गर्न तथा पत्रपत्रिकालाई उपलब्ध गराउने सेवा सुविधाको प्रक्रियामासमेत सहजता प्रदान गर्न र विज्ञापन वोर्डको हरेक नीतिगत छलफलमा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको प्रतिनिधि अनिवार्य उपस्थिति रहने व्यवस्था गर्न शाखाले माग गरेको छ। साथै समानुपातिक विज्ञापन प्रणाली तत्काल कायम गर्नसमेत माग गर्दछौं। , नेपाल पत्रकार महासंघले श्रम समस्या देखिएका सञ्चारगृहहरूमा श्रमजीवी पत्रकारको अधिकार स्थापनाका लागि दबाब दिन थप शशक्त कार्यक्रम घोषणा गर्न शाखाले घोषणापत्रमार्फत केन्द्रीय समितिसँग माग गरेको छ। , सरकारले विगतको वजेटमार्फत नै पत्रकारहरूका लागि निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने घोषणा गरेको तर कार्यान्वयनको अवस्था नदेखिएकोमा सोको कार्यान्वयनका लागि शाखाले सरकारसँग माग गरेको छ। साथै, सरकारले पत्रकारहरूका लागि लागु गरेको दुर्घटना बीमाको प्रकृयालाई सरलीकरण गर्न र यसलाई स्वास्थ्य बीमामा रुपान्तरण गर्न गराउन समेत शाखाले माग गरेको छ साथै सूचना तथा प्रसारण विभागले प्रदान गर्न सुरुवात गरेको ज्येष्ठ पत्रकार वृत्ति सम्पूर्ण ज्येष्ठ पत्रकारहरूलाई उपब्ध गराउने गरी तथ्यांक संकलन गर्ने कार्यका लागि नेपाल पत्रकार महासंघका शाखाहरूलाई जिम्मेवारी दिन र सोही अनुसार शाखाले सीफारिस गरेका ज्येष्ठ पत्रकारलाई सुविधा उपलव्ध गराउन शाखा माग गरेको छ। यस्तै ज्येष्ठ पत्रकारका लागि उमेर हद ६० वर्ष कायम गर्न पनि शाखा सम्वन्धित पक्षसँग माग लगायत उल्लेख छ।

# दोब्बर मूल्यवृद्धिका बाबजुद पनि उकासिएको देश



विष्णु भट्टराई

कवि र उपन्यासकार ग्योर्गी फालोदी आठ वर्षको अनुपस्थिति पछि १९४६ मा हंगेरी फर्केपछि उनले हंगेरीलाई युद्धले पूर्ण रूपमा खस्किएको देश भेट्टाए। राजधानी बुडापेस्टमा उनी जन्मेका र हुर्केका थिए, भग्नावशेषको थुप्रोमा परिणत भइसकेको थियो, भग्नावशेष भवनहरू र त्यसमा गाडिएका शवहरू।

तर त्यहाँ केही अन्य परिवर्तनहरू पनि थिए जुन कम देखिन्थ्यो। उहाँ फर्केको केही समयपछि, उनका प्रकाशकले उनलाई पुस्तकको सट्टामा ३०० अरब पेन्गो दिए। पेङ्गो त्यो समयमा देशमा प्रचलित मुद्रा थियो। देख्दा वा सुन्दा धेरै पैसा जस्तो लाग्छ, तर त्यो रकमले एउटा कुखुरा, दुई लिटर तेल र केही तरकारी मात्रै किन्न पाइयो। अनि दिउँसोसम्म त्यो पैसा खर्च गरेन भने पछि त्यति सामान पनि आउदैनथ्यो। त्यतिबेला हंगेरी इतिहासकै सबैभन्दा डरलाग्दो मुद्रास्फीतिको सिकार भएको थियो र उच्चतम मुद्रास्फीति दर करोडौं प्रतिशतमा थियो। यसको मतलब दैनिक जीवनमा चीजहरूको मूल्य प्रत्येक घण्टा दोब्बर हुन्थ्यो।

मुलुकको मासिक मुद्रास्फीति ५० प्रतिशत रहेकोमा अर्थविज्ञहरूले यसलाई 'ब्याङ' भनेका छन्।लाखौं हंगेरीहरूले आफ्नो ज्याला र जीवनस्तर घटेको देखे र यसले धेरैलाई बाँच्नको लागि नयाँ संघर्षमा धकेल्यो। देशमा मुद्रास्फीतिको आँधी नियन्त्रण हुँदासम्म देशमा चल्ने सबै पेन्गोको मूल्य एक अमेरिकी सेन्टभन्दा कम रह्यो।अहिले विश्वका विभिन्न भागहरूमा मुद्रास्फीतिको बारेमा धेरै मानिसहरू चिन्तित भएकाले इतिहासको सबैभन्दा खराब मुद्रास्फीति के कारणले भयो र यसबाट के सिकियो भनेर सोध्नु सान्दर्भिक छ।

अन्य युरोपेली देशहरू जस्तै, हंगेरीले दोस्रो विश्वयुद्धको प्रभावबाट ग्रस्त थियो, जसमा यसले प्रारम्भमा विश्व शक्तिहरूको पक्ष लियो, यहाँसम्म की सोभियत संघमा १९४१ को भएको आक्रमणमा हंगेरीले पनि भाग लिएको थियो।यद्यपि, १९४२ मा, जर्मनीले युद्ध हार्नेछ भन्ने लाग्न थालेपछि, यसका नेताहरूले सहयोगीहरूसँग गोप्य वार्ता गर्न थाले, र एडोल्फ हिटलरले यो थाहा पाए र मार्च १९४४ मा आक्रमण गरे र त्यहाँ नाजी सरकार स्थापना गरे।

इन्डियाना युनिभर्सिटीको ह्यामिल्टन लोगर स्कूलका प्रोफेसर लास्ज्लो बोर्ही भन्छन्, 'यसको नतिजा भयानक भयो र ४ लाख ३७ हजार हंगेरी यहूदीहरूलाई अशविट्समा निर्वासन गरियो। त्यसपछि हंगेरी, जर्मनी र सोभियत संघको युद्धभूमि बन्यो। त्यसपछि बुडापेस्टले युद्धको ठूलो घेराबन्दीको सामना गर्नु पर्यो।

द्वन्द्व र युद्धपछि देशको अर्थतन्त्र धराशायी भयो। जर्मनहरूले एक अर्ब डलरको सामान देश बाहिर लगेका थिए। देशका आधाभन्दा बढी उद्योग ध्वस्त भएका थिए् भने बाँकी ९० प्रतिशत उद्योग उठनै नसक्ने अवस्थामा पुगेका थिए। अधिकांश रेल प्रणाली र लोकोमोटिभहरू नष्ट भएका थिए र बाँचेकाहरूलाई नाजीहरू वा सोभियत संघले कब्जामा लिएका थिए। बुडापेस्टको ड्यानुबमाथिका सबै पुलहरू ध्वस्त भएका थिए र देशका अधिकांश सडकहरू ध्वस्त भएका थिए।

बुडापेस्टका ७० प्रतिशत भवनहरू पूर्ण वा आंशिक रूपमा भग्नावशेषको थुप्रो थिए। देशमा उत्पादन ६० प्रतिशतले घटेको थियो। 'व्यापक रूपमा भन्नुपर्दा, देश अनिकालको डिलमा थियो, र तैपनि यसले सोभियत सेनाका लाखौं सीपाहीहरूलाई खुवाउनु परेको थियो,' बोर्ही भन्छन्।

योभन्दा बढी, हंगेरीले युद्धविराम सम्झौतामा हस्ताक्षर गर्दा सोभियत संघ, युगोस्लाभिया र चेकोस्लोभाकियालाई क्षतिपूर्तिस्वरूप ३० करोड डलर (आजका अनुसार चार अर्ब डलरभन्दा बढी) दिने सहमति भएको थियो।यी सबैको बाबजुद पनि उनलाई हंगेरीका नागरिकहरूलाई सहयोग गर्न र देशको पुनस्थापनाका लागि कुनै ऋण दिइएन।

क्यानडाको विल्फ्रेड लरेन्स युनिभर्सिटीका अर्थशास्त्रका प्रोफेसर पिटर स्लोस भन्छन्, 'हंगेरी सरकार गम्भीर संकटमा थियो र केही सहयोग उपलब्ध गराउने प्रयास गर्नु आवश्यक थियो, तर परम्परागत रूपमा कर उठाउन सघाउने पूर्वाधार थिएन।'

कुनै पनि कर आधार बिना, हंगेरी सरकारले देशको अर्थतन्त्र सक्रिय राख्न पैसा छाप्ने निर्णय गर्यो, र यसका लागि नोटहरू छाप्न प्रयोग हुने मसी आयात गर्नुपर्यो। यी नयाँ नोट छापेपछि सरकारले जनतालाई प्रत्यक्ष रोजगारी दिएको थियो, नागरिकलाई ऋण र पैसा दिएको थियो। बैंकहरूले न्यून ब्याजदरमा कर्जा दिएका थिए, जसले मुलुकमा व्यापार गर्न मद्दत गरेको थियो। देशमा पैसा प्रसस्त भए पनि हंगेरी मुद्राको मूल्य धेरै तल गयो।

२० औं शताब्दीमा, पहिलो विश्वयुद्ध पछि, हंगेरीमा बढ्दो मुद्रास्फीति नियन्त्रण गर्न अपनाइएको मुद्रा पेन्गोको मूल्य द्रुत रूपमा घट्न थाल्यो।मुद्रास्फीति दर यति उच्च थियो कि स्थानीय मुद्राको मूल्यमा शून्य बढ्दै गयो। यसको अनुमान यस तथ्यबाट गर्न सकिन्छ कि सन् १९४४ मा हंगेरीमा सबैभन्दा ठूलो नोट १ हजार पेन्गो थियो र सन् १९४५ को अन्त्यसम्ममा देशमा एक करोडको नोट आइसकेको थियो।





यो क्रम जारी रह्यो र त्यसैगरी मुद्राको मूल्य एक करोडबाट १० करोड, १० करोडबाट एक अर्ब र त्योभन्दा पनि बढ्यो। चाँडै बी पेन्गो देशमा ल्याइयो जसको मूल्य १० ट्रिलियन बराबर थियो। यो क्रम बढदै गयो। जब नेशनल बैंक अफ हंगेरीले ११ जुलाई १९४६ मा १ हजार ट्रिलियनको नोट जारी गर्यो, यो विश्वको इतिहासमा जारी गरिएको सबैभन्दा ठूलो नोट थियो।

हंगेरीको नेशनल बैंकले पनि १० हजार ट्रिलियनको नोट छापेको थियो, तर त्यो कहिल्यै जारी भएन। यससँगै हुलाक र कर भुक्तानीका लागि देशमा विशेष मुद्रा अडा पेङ्गो पनि लागू गरिएको थियो। मुद्रास्फीतिको कारण, यसको आर्थिक मूल्य हरेक दिन रेडियोमा घोषणा गरिएको थियो।

जनवरी १, १९४६ मा एक अडा पेन्गोको मूल्य एक पेन्गो बराबर थियो, तर सोही वर्षको जुलाईको अन्त्यमा यसको मूल्य बढेर २० लाख अर्ब पुगेको थियो। यो कसरी समाप्त भयो ?

मुद्रास्फीतिको शिखरमा पुग्दा हंगेरीमा मूल्यहरू प्रत्येक दिन १.५ लाख प्रतिशतले बढिरहेको थियो। यसरी प्राप्त आम्दानीको क्रयशक्ति धेरै हदसम्म समाप्त भइसकेको र नयाँ मुद्राले मात्रै देशको आर्थिक अवस्था सुदृढ हुने भएकाले सरकारले कर उठाउन रोकेको थियो।

अगस्ट १, १९४६ मा, हंगेरीले गिल्डर नामक मुद्रा सुरु गर्यो, जसको मूल्य पहिलेको मुद्रा भन्दा लाखौं गुणा बढी थियो। बोर्ही भन्छन्, 'मेरो आमाबुवाले सफा गर्नेहरूले आफ्नो तलब फोहोरको टोकरीमा फालिदिएको देखेको याद छ।' बोर्ही भन्छन्, 'मानिसहरूले प्यांगोहरू बेकार भएकाले फ्याँकिदिए।''हामीसँग भएको थोरै पैसा पनि खेर गयो र सकियो। मानिसहरूले आफ्नो पूँजी गुमाए र सुन्यबाट सुरु गर्नुपर्यो।' तर, यससँगै मुद्रास्फीतिको लहर एकै रातमा समाप्त भएको देखिन्छ।

श्लोस भन्छन्, 'योजना तयार गर्न केही महिना लाग्यो। सरकारले अनाजको भण्डारण गरेको थियो ताकि नयाँ मुद्रा ल्याइँदा कम्तीमा केही बजारमा अन्न उपलब्ध होस् र जनताले यी सुधारहरू उपयोगी छन् भनी सोचून्।'

'यस बाहेक, सुधार अघिका हप्ताहरूमा, मुद्रास्फीति करमा निर्भरता समाप्त हुने तथ्यमा जनतालाई तयार गर्ने प्रयास पनि गरिएको थियो, वस्तुको मूल्य अन्य चीजहरूको मूल्यले निर्धारण गर्दैन, र यी नीतिहरू भविष्यमा लामो समयसम्म जारी रहनेछ।'

उनी भन्छन् कि यी चीजहरूले जनतामा यति धेरै विश्वास पैदा गर्यो कि गिल्डरले यसको मूल्य कायम राख्न सक्यो र, बिस्तारै अन्ततः आर्थिक गतिविधिहरू उठ्न थाले।

विश्वासको पुनस्थापनामा महत्वपूर्ण भूमिका हंगेरीको नेशनल बैंकले राखेको सुनको भण्डारले खेलेको थियो। टोम्का भन्छन् कि यसलाई युद्धको अन्तिम चरणमा देशबाट बाहिर लगिएको थियो









ताकि सोभियत सेनाले यसलाई कब्जा गर्न नसकोस्। र यसलाई अमेरिकाले कब्जा गरेको अस्ट्रियाको इलाकामा पुऱ्याइएको थियो।

'१९४६ मा, हंगेरी सरकारको एक प्रतिनिधिमण्डल औपचारिक भ्रमणमा वाशिंगटन गयो, र राष्ट्रपति ट्रुम्यानले हंगेरी जनतालाई सद्भावना संकेतका रूपमा पूर्ण रूपमा सुन फिर्ता गर्न सहमत भए।' देशमा यो सुन फिर्ता हुनु एक ठूलो घटना थियो जुन त्यस वर्षको अगस्त ६ मा एसोसिएटेड प्रेस द्वारा समाचार बनाइएको थियो।

'एडोल्फ हिटलरको पूर्व निजी रेल आज यहाँ आइपुग्यो ३० लाख डल् मल्यको सुन, जुन हंगेरीको नयाँ आर्थिक संरचनालाई सहयोग गर्न हंगेरी नेशनल बैंकको कुल कोष थियो।'

त्यो ट्रेनमा बिस्कुट र सिक्काको रूपमा २२ टन सुन थियो र यसलाई निकै कडा सुरक्षा र गोप्यताका साथ जर्मनीबाट ल्याइएको थियो। शत्रु देशको सबै आर्थिक सम्पत्ति फिर्ता भएको इतिहासमै यो पहिलो पटक हो।

हंगेरीका शासकहरूले सुनको शतप्रतिशत फिर्ताले आफ्नो देशको चकनाचुर अर्थतन्त्रलाई बचाउने आशा व्यक्त गरे। यसले मानिसहरूलाई आफ्नो नयाँ मुद्रामा विश्वास दिलायो।

अर्कोतर्फ केन्द्रीय बैंक आत्मनिर्भर बन्दै गएको थियो र नोट जारी गर्ने अधिकार सीमित भएको थियो। बैंकहरूलाई शतप्रतिशत सञ्चिति राख्ने आदेश दिइयो, करहरू धेरै बढाइयो र निजामती कर्मचारीहरूको संख्या पनि उल्लेखनीय रूपमा घटाइयो। यस पछि, गिल्डर ६० को दशकमा यस क्षेत्रको सबैभन्दा बलियो मुद्रा बन्यो।

तर यो भुल्नु हुदैन कि कि १९४६ सम्म, हंगेरी को राजनीतिक र आर्थिक परिदृश्य पूर्णतया सोभियत संघको प्रभावमा थियो। बोर्ही भन्छन् कि मेमा हंगेरी कम्युनिष्ट पार्टीका नेताले मुद्रालाई बलियो बनाउन स्टालिनको प्रणालीको आंशिक नक्कललाई अनुमति दिए।

*(बिबिसीबाट)*

# शक्तिशाली बन्दै चिनिया राष्ट्रपति सी

सी चिनफिङ चीनको नेतृत्वमा तेस्रो कार्यकालका लागि निर्वाचित भएका छन्। चिनियाँ जनकांग्रेसले कम्युनिस्ट पार्टीका महासचिव सी चिनफिङलाई शुक्रबार तेस्रो कार्यकालका लागि राष्ट्रपतिमा निर्वाचित गरेको हो। सीका विश्वासपत्र ली चियान शनिबार प्रधानमन्त्रीमा निर्वाचित भएका छन्। संघाईको पूर्वसचिव रहेका लीलाई महाधिवेशनले पार्टीको शक्तिशाली ७ सदस्यीय स्थायी कमिटीमा निर्वाचित गरेको थियो।

गत अक्टोबरमा भएको चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) को महाधिवेशनले सीलाई तेस्रो कार्यकाल लागि महासचिव निर्वाचित गरेसँगै सत्तामा निरन्तरता निश्चित भइसकेको थियो। त्यसैगरी पार्टीको स्थायी कमिटीको वरीयता क्रममा दोस्रो नम्बरमा ली थिए।

२०१८ चिनियाँ जनकंग्रेस अधिवेशनले २ कार्यकालको व्यवस्थालाई हटाउन संविधान संशोधन गर्दै सीलाई बाटो खोलिदिएको थियो। माओत्से तुङमा अत्यधिक शक्ति केन्द्रीकरण गर्दा उत्पन्न भएको समस्यालाई समाधान गर्न देङ स्याओ पिङले सामूहिक नेतृत्वको विषयलाई अघि सारेका थिए। जसलाई सीपीसीले ४ दशकसम्म निरन्तरता दिएको थियो।

कम्युनिस्ट पार्टीको शासन सुरु भएपछि अत्यधिक शक्ति आफूमा केन्द्रीकरण गरेका माओले अघि सारेको सामूहिक खेती प्रणाली, सांस्कृतिक क्रान्ति र औद्योगिकीकरणको नीति असफल भएको थियो। माओका योजनामा गल्ती पनि थिए, जसलाई सुधार्नका लागि देङले चिनियाँ अर्थतन्त्रलाई खुला बनाउँदै लैजाने नीति लिए भने पार्टी नेतृत्वलाई विधीकरण गर्ने र सामूहिक नेतृत्वमा लगेका थिए। जसले चीनलाई विश्वको शक्तिशाली मुलुक बनाउन काम गरेको थियो।

बेलायतसँग अफिम युद्धमा पराजित भएपछि कमजोर बनेको चीन माओकालसम्म गरिब देशका रूपमा थियो। खिसी गर्नेहरूले चीनलाई 'एसियाको रोगी' भन्ने गरेका थिए। अफिम युद्धदेखि १९४९ मा कम्युनिस्ट शासन स्थापनासम्मको समयलाई सीपीसीले 'अपमानको शताब्दी' को रूपमा भन्दै आएको छ। जसमा चीनमा आर्थिक रूपमा निकै कमजोर बन्न पुगेको थियो भने विदेशी शक्तिको अघि आफ्नो भौगोलिक अखण्डतालाई पनि जोगाउन सकेको थिएन।



आर्थिक खुलापनलाई अंगाले पनि चीनले उत्पादन क्षेत्रमा ठूलो फड् को मारेको थियो। चीनलाई विश्वको कारखाना भनिँदै आएको छ। सीपीसीले आफूले लिँदै आएका नीतिलाई चिनियाँ विशेषतासहितको समाजवाद भन्ने गरेको छ। २०३५ सम्म मध्यस्तरको विकासित र २०४९ सम्ममा उन्नतस्तरको विकसित समाजवादी देश हुने लक्ष्य राखेको छ।

सीको वैदेशिक नीति कसरी अघि बढ्छ भन्ने विषय अमेरिकासँग चीनको सम्बन्धले निर्धारण गर्नेछ। दोस्रो कार्यकालमा सीको विदेश नीति मुखर भएर आएको छ। अमेरिकाले पनि एसियाका क्षेत्रीय शक्तिहरूको साथ लिएर विभिन्न गठबन्धन निर्माण गर्न थालेको छ। कतिपय अमेरिकी सैनिक अधिकारीहरूले राष्ट्रपति सीको यही कार्यकालभित्र दुवै देशबीच सैन्य टकरावसम्मको अवस्था आउन सक्ने सम्भावना आकलन गरिरहेका छन्।

सैन्य शक्ति झन् बढाउँदै ल्याएको चीनको आगामी रणनीति सीको निरन्तरको नेतृत्वले कस्तो बनाउँछ भन्नेमा रुस-युक्रेन द्वन्द्व कसरी टुंगो लाग्छ त्यसले धेरै फरक पार्ने विश्लेषकहरूको मत

चीनले पछिल्लो ५ दशकमा प्राप्त गरेको सफलतापछि सोभियत संघको पतनपछि अमेरिकाको एक ध्रुवीय विश्वलाई चीनले चुनौती दिँदै आएको छ। अमेरिका र चीन दुवैले आफ्नो रक्षा बजेट बढाएका छन्। युद्धको तयारी अवस्थालाई झनै मजबुत बनाएका छन्। चीन र अमेरिकाका दस्तावेजहरूमा एकले अर्कोमाथि तनाव बढाउँदै लगेको आरोप लगाउने गरेका छन्। विभिन्न क्षेत्रमा बेइजिङ र वासिङ्टनले प्रतिबन्धको घोषणा गर्न थालेका छन्। हालै अमेरिकामा संसद्मा प्रस्तुत गरिएको सुरक्षा चुनौतीसम्बन्धी प्रतिवेदनमा चीनलाई प्रमुख चुनौतीको रूपमा चित्रण गरिएको छ।


बेइजिङले ताइवानमाथि आफ्नो सार्वभौमिकताको दाबी गर्छ। एकीकरण चिनियाँ कम्युनिस्ट पार्टीको प्राथमिकतामा छ। आफूलाई स्वतन्त्र घोषणा गरे ताइवानलाई बल प्रयोग गर्ने चेतावनी चीनले दिँदै आएको छ। अमेरिका भने ताइवानको यथास्थितिमा परिवर्तन गर्नु हुँदैन भन्दै आएको छ। अमेरिका र अन्य क्षेत्रीय शक्तिहरू चीनको बढ्दो शक्तिसँग तर्सिएका देखिन्छन्। जसको चीनलाई लक्षित गर्दै गठबन्धनहरू निर्माण गर्न थालेका छन्।

२०२२ मा भारत र चीनबीच सीमा क्षेत्रमा झपड भएको थियो। दुवै देशबीच हालसम्म सीमाकंन भएको छैन। जसले दुवै देशबीच तनाव उत्पन्न गराउने गरेको छ। जसको असर नेपालसहितको देशमा पर्ने गर्छ।

'चीनले अन्य देशबाट एक्लिएर दक्षिण एसियालाई राम्रोसँग सहयोग गर्छु भनेर आउने हो कि ? सीको दोस्रो कार्यकालमा मुखर हुँदै आएको विदेश नीति तेस्रो कार्यकालमा झनै मजबुत भएर जाने देखिन्छ,' उनले भने, 'चीनले म शक्ति भएर जान्छु भनेर आयो भने हाम्रो प्रजातान्त्रिक शासन व्यवस्थामा खलल हुन सक्छ। माओले आफ्नो क्रान्तिलाई निर्यात नै गरेका थिए। सीले अहिलेसम्म आक्रमक रूपमा राजनीति निर्यात गरेका छैनन्।'

प्रेरक

## दुर्गुणमाथि अंकुश



एकजना ज्योतिष केवल अनुहार हेरेर व्यक्तिको चरित्र बताउने दाबी गर्थे । एकपटक उनी घुम्दै जाँदा ग्रीसका चर्चित दार्शनिक सुकरातका अगाडि पुगे । त्यतिखेर सुकरात आफ्ना शिष्यलाई वरिपरि जम्मा गरेर बसेका थिए । सुकरातको विचार जति राम्रो थियो, उनी रूपमा उनि नै कुरूप थिए । उनलाई पहिलोपटक देख्ने कुनै पनि अपरिचित मान्छेले उनी त्यति महान् विचारक हुन् भन्ने अनुमानसम्म गर्न सक्दैनथ्यो ।

अनुहार हेरेकै भरमा व्यक्तिको चरित्र बताउने दाबी गर्ने ज्योतिषले सुकरातको अगाडि आइपुग्नेबित्तिकै भने- 'यो मानिसमा क्रोध नै क्रोध भरिएको छ । यसको नाक हेर्दा यस्तै लाग्छ ।' ज्योतिषको यस्तो भनाइ सुनेर त्यस स्थानमा उपस्थित सुकरातका शिष्य आवेशमा आए । तैपनि नडराई ती ज्योतिषले अगाडि भने- निधार र टाउकोको रचनाअनुसार यो मानिस निश्चित रूपले एक लोभी मानिस हुनुपर्छ । यसको चिउँडोबाट थाहा हुन्छ कि यो मानिस अत्यन्त सन्की छ । यसको ओठ र दाँतको आकार हेर्दा लाग्छ यो मानिस सदा देशद्रोहका लागि लालयित रहन्छ । यो सुनेर सुकरातले ती ज्योतिषलाई राम्रो पुरस्कार दिएर बिदा गरे । सुकरातका शिष्य यो सब देखेर अचम्ममा परे ।

सुकरातले पनि शिष्यहरूको आश्चर्य बुझे । उनले तिनको आश्चर्य हटाउनका लागि भने- सत्य लुकाउनु बेकार छ । ज्योतिषले जति दुर्गुण बताए ती सबै ममा छन् । म त्यो सब स्वीकार गर्छु । ज्योतिषले केवल एउटा भूल गरे उनले मेरो विवेकमा ध्यान दिएनन् । म आफ्नो विवेकको शक्तिले सबै दुर्गुणमा अंकुश लगाएर राख्छु । ज्योतिषले यो बताउन भने बिर्सिए ।'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

खर्च बढ्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला। थैलीको मुख बलियो नहुँदा धनमाल हराउन सक्छ। काम बिग्रनाले क्षति वा घाटा हुन सक्छ। भैपरी आउने समस्याले खर्च गराउनेछ। उठ्नुपर्ने रकम तत्काल उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ। पछिका लागि लगानी गर्ने अवसर प्राप्त हुनेछ। आफन्तबाट टाढिनुपरे पनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ।

### वृष

मिहिनेतको फल प्राप्त हुनाले काममा उत्साह जाग्नेछ। नयाँ अवसर र आम्दानीका स्रोत फेला पर्नेछन्। पढाइमा ध्यान केन्द्रित हुनाले प्रगति हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यापारमा थोरै लगानीबाट पनि फाइदा हुनेछ। आवश्यक भौतिक साधन जुट्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। आम्दानी बढ्नाले जीवनशैलीमा पनि परिवर्तन आउन सक्छ।

### मिथुन

कर्मक्षेत्र सबल रहनेछ भने विभिन्न अवसरले पछ्याउनेछन्। दिगो काम प्रारम्भ हुनेछ। व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। उपलब्धिको स्रोत प्राप्त हुनेछ भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्‍याउनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। स्वास्थ्यमा केही गडबढ नै हुनेछ । लामो यात्रामा निस्कनुपर्ने समय आएको छ । सोचेजस्तो नभए पनि सन्तुष्ट नै हुनुपर्ने अवस्था आउनेछ ।

### कर्कट

विभिन्न अवसर प्राप्त भए पनि अरूका लागि बुद्धि र समय खर्चनुपर्ला। परिस्थितिवश आँटेको काम रोकिन सक्छ। सामाजिक उत्तरदायित्व हातपार्न सकिनेछ। तर लक्ष्यमा पुग्न समय लाग्नेछ। सामान्य कामलाई निकै मिहिनेत पर्नेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। पछिका लागि सम्भावना देखिए पनि तत्काल फाइदा उठाउन नसकिएला।

### सिंह

अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ। गोपनीयता भंग हुनुका साथै धन बाहिरिन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला। नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला। समस्या दर्साउँदा सहयोगीहरूले भने साथ दिनेछन्। प्रतीक्षा गरिएको उपलब्धि आंशिक भए पनि प्राप्त हुनेछ।

### कन्या

रमाइलो यात्रा गर्ने अवसर जुर्नेछ। मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिन सक्छ। साथीभाइको सहयोग जुट्नाले कामको चापबाट फुर्सद पाइनेछ। व्यवसायले मनग्य आम्दानी दिलाउनेछ। अतिथिका रूपमा मानसम्मान र उपहार प्राप्त हुनेछ। लगनशीलताले विशेष अवसर दिलाउन सक्छ। नयाँ तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ।

### तुला

आँटले काम बन्नेछ र सफलताले हौसला प्रदान गर्नेछ। परिश्रम परे पनि विभिन्न अवसर जुट्नेछन् र लक्ष्य प्राप्त हुनेछ। अरूले भोगचलन गरेका, आफ्नो हकदाबी लाग्ने वस्तु फिर्ता लिन सकिनेछ। वादविवाद साम्य हुनेछ भने शत्रुभाव राख्नेहरू स्वयं कमजोर हुनेछन्। मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। न्यायोचित कर्म गर्दै प्रतिष्ठा जोगाउन सफल भइनेछ।

### वृश्चिक

सामान्य काममै अलमल हुनाले मुख्य काम रोकिन सक्छ । अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ । अप्ठ्यारा परिस्थितिले लक्ष्य प्राप्त गर्न विलम्ब हुनेछ । आफ्ना विषयवस्तुमा अरूले दाबी गर्लान्। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । पढाइलेखाइमा त्यति समय दिन नसकिएला । चिन्ता बढ्नेछ । मनमा नैराश्यता आउनेछ । आफन्त तथा इष्टमित्रहरूबाट पनि सोचेजस्तो सहयोग नमिल्न सक्छ ।

### धनु

मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ। अथवा, कमजोर विकल्प अँगाल्नाले अवसर गुम्न सक्छ। सानो कमजोरीले बाधा पुर्‍याउनेछ। तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ। बेसुरमा दिएको वचनले समस्या निम्त्याउनेछ। विशेष योजना सार्वजनिक नगर्नुहोला। पछिका लागि जोहो गर्नुपर्ने समय छ। व्यापार लगायत आर्थिक काममा मन्दी आउन सक्छ।

### मकर

पुरुषार्थी काम गर्दै लोकप्रियता हासिल गर्ने समय छ। अग्रज तथा सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। व्यापारमा थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् र लाभांश प्राप्त हुनेछ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। सामाजिक दायित्व बढ्नेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।

### कुम्भ

आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ। वादविवादबाट टाढा रहनुहोला। बलजफ्ती गर्ने बानीले आफैंलाई अप्ठ्यारोमा पार्न सक्छ। ईर्ष्या गर्नेहरूबाट सजग रहनुपर्ला। आजको श्रमबाट पछिलाई फाइदा हुनेछ। आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्‍याउनुहोला।

### मीन

काममा विलम्ब भए पनि पहिलेको सफलताले हौसला जगाउनेछ । रमाइलो परिस्थितिको आनन्द प्राप्त हुनेछ । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर जुट्नेछ । नयाँ कामको प्रस्ताव प्राप्त हुनेछ भने सहयोगीहरूले साथ दिनेछन् । पहिलेका कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ । रमाइलो भेटघाटका बीच स्वादिष्ट भोजनको आनन्द मिल्नेछ । प्रेमिकाबाट प्रेमको प्रस्ताव आउनाले मन प्रफुल्ल रहनेछ । काममा मन लाग्नेछ । आर्थिक रुपमा पनि बलियो हुँदै जाने समय आएको छ । परिवारमा सुख शान्ति मिल्ला ।

# नगरपालिकाको प्राथमिकतामा सीपसहितको युवा रोजगार



काठमाडौं । स्थानीय स्तरमा युवा रोजगार सिर्जना गरी युवाहरूलाई विदेश पलायन हुनबाट जोगाउन निकै चुनौती बनिरहेको अवस्थामा बुढानीलकण्ठ नगरपालिका भने यस अभियानमा लागेको छ । युवा सीपसहितको युवा रोजगार तयारीको विषय बुढानीलकण्ठ नगरपालिकाको प्रमुख विषय बनेको छ । नगरपालिकाले स्थानीय स्तरमा युवाहरूलाई कसरी सीप सिकाएर रोजगारमा समावेश गर्ने भन्ने विषयमा नगरपालिकाले चौतर्फी सम्भावनाहरूको पहिचान गरिरहेको छ ।

बुढानीलकण्ठ नगरपालिकाले नमुनाको रुपमा युवा रोजगार सिर्जना गर्ने सन्दर्भमा निरन्तर बहस र छलफल गरिरहेको छ । नगरपालिकाका नगरप्रमुख मिठाराम अधिकारी, प्रमुख प्रशासकीय अधिकृत भुवनेश्वर लामिछाने शिक्षा शाखा प्रमुख ललितविक्रम सिंह, स्वास्थ्य शाखा प्रमुख कुमारप्रसाद दाहाल र योजना शाखा प्रमुखको टोलीले काठमाडौं टेक्निकल स्कुलका पदाधिकारीसँग छलफल गरेको छ ।

बुढानीलकण्ठ नगरपालिका आफैंमा धेरै सम्भावना बोकेको नगरपालिका भएकोले स्थानीय स्तरमा रहेका उद्यमसिलतासँग युवाहरूलाई जोड्न सकिने कुरा छलफलमा भएको छ । नगरपालिकाले नगरभित्रका युवाहरूलाई नगरभित्र रहेका निजीस्तरका उद्यमसिलता रोजगार दिनसक्ने साना तथा मझौला उद्योगसँगको सहकार्यमा नगरपालिकाले जोड दिन सक्ने कुराको बारेमा पनि छलफल भएको छ ।

नगरपालिकाले काठमाडौं टेक्निकल स्कुलसँगको सहकार्यमा ज्येष्ठ नागरिक स्याहार सीप, होटेल व्यवस्थापन सीप कम्प्युटर चलाउने सीप लगायतका विषयमा नगरपालिकाले सीपसहितको रोजगारमा युवाहरूलाई जोड्न सक्ने कुरामा नगरपालिकाको ध्यान रहेको कुरा नगरप्रमुख मिठाराम अधिकारीले बताए । नगरपालिका नगरभित्रका युवा जनशक्तिहरूलाई रोजगारमा संलग्न गराउने अभियानमा लागेको हुनाले निरन्तर छलफल गरेर कसरी कुन प्रणालीबाट रोजगारका कार्यक्रम सञ्चालन गर्न सकिन्छ भन्ने विषय मुख्य रहने नगरप्रमुख अधिकारीले बताए ।

नगरपालिकाले स्थानीय स्तरमा गर्न सक्ने काम धेरै भएको हुनाले यस नगरपालिकाभित्रका युवा जनशक्तिलाई सीपसहितको रोजगारमा जोड्नका लागि हाम्रो तर्फबाट पनि प्रयत्नहरू भइरहेको हुनाले यस टेक्निकल स्कुलसँगको सहकार्यमा काम गर्न सहज हुने कुरा प्रमुख प्रशासकीय अधिकृत भुवनेश्वर लामिछानेले बताए । यो छलफलबाट टेक्निकल स्कुलसँगको सहकार्यमा यस नगरपालिकाभित्रका युवा जनशक्तिलाई सीपसहितको रोजगारमा आवद्ध गराउने अभियान सहज हुने कुरामा विश्वस्त रहेको लामिछानेको तर्क थियो ।

नगरपालिकामा ज्येष्ठ नागरिकको हेरचाहको समस्या जिवितै छन । नगरपालिकाभित्रका ज्येष्ठ नागरिकहरूको स्वास्थ्य लगायतका विषयमा नगरपालिका संवेदनशील भएकोले सहाकार्यगत रुपमा काम गर्नुपर्ने आवश्यकता छलफलको निचोर्ड थियो । बुढानीलकण्ठ नगरपालिका वडा नं. ९ मा रहेको काठमाडौं टेक्निकल स्कुलले एज केयर, हस्पिटालिटी, कम्प्युटर तालिम बैंकिङ क्षेत्रको तालिम उपलब्ध गराई तालिम लिएकाहरूलाई रोजगारमा जोडने काम गर्दछ । आएएमई ग्रुपद्वारा सञ्चालित टेक्निकल स्कुलले एज केयरको तालिम सुरु गरिरहेको छ । तालिमसहितको रोजगारमा आवद्ध हुने इच्छा भए सिधै टेक्निकल स्कुलसँग कनेक्सन गर्न सकिने कुरा स्कुलका कार्यकारी निर्देशक उपेन्द्र शर्मा घिमिरेले बताए ।

# सीप सम्मेलन तथा कृषि मेला सम्पन्न



काठमाडौं । बुढानीलकण्ठ नगरपालिकाले चैत्र ३ र ४ गते सीप सम्मेलन तथा कृषि मेला भव्यताका साथ सम्पन्न गरेको छ । नगरपालिकाको आयोजनामा सञ्चालित दुई दिने मेलामा हजारौ दर्शकहरूको सहभागिता रहेको थियो । हजारौं व्यक्तिहरूले मेला अवलोकन गरेका थिए । मेलामा नगरपालिकाभित्र उत्पादन भएका विभिन्न कृषिजन्य वस्तुहरूको स्टल राखिएको थियो । कृषि खाद्यान्न लत्ताकपडा झोला श्रृङगारका सामग्रीहरू मेलामा प्रदर्शन गरिएको थियो ।

मेलामा नगरपालिकाका नगरप्रमुख मिठाराम अधिकारी तथा नगर उपप्रमुख अनिता लामा तथा नगर कार्यपालिका सदस्यहरू कर्मचारी वडा सदस्यसमेतको उपस्थिति रहेको थियो । उक्त मेलाले नगरभित्र रहेका साना मझौला उद्यमहरूको पहिचान भएको र नगरभित्र कृषिजन्य वस्तुको उत्पादन के कति छ भन्ने कुराको पहिचान भएको नगरप्रमुखले बताए । यस मेलाबाट स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर त्यसको बजारीकरणमा समेत सहज होस् भन्ने उद्देश्य राखिएको हुनाले यस सीप सम्मेलन तथा कृषि मेला उत्साहित रुपमा सम्पन्न गरिएको कुरा नगर उपप्रमुखले बताइन् ।

नगरपालिकाभित्र थुप्रै किसिमका स्वरोजगारका पक्षहरूको पहिचान गर्न मेलाले सहज बनाएको थियो । मेलामा विभिन्न स्थानीय स्तरमा उत्पादित बस्तुहरूको स्टल भएकोले कुन वस्तु कुन वडामा उत्पादन हुन्छ । साना तथा मझौला उद्यमहरू कुनकुन वडामा छन् र स्थानीयहरूलाई रोजगारमा कसरी जोडन सकिन्छ भन्ने कुराको पहिचानसमेत मेलाबाट भएको थियो । रु १०० शुल्क तिरेर वडाअनुसारका स्टलहरू मेलामा राखेको दृश्यहरू हेर्न लायक थिए । नगरपालिकाले निकै लामो समयको कसरतबाट मेलाको आयोजना गरेको थियो । मेलामा अन्य नगरपालिकाका जनप्रतिनिधिहरू पनि अवलोकनमा आएका थिए । पाहुनाको रुपमा आएका अन्य नगरपालिकाका जनप्रतिनिधिहरूले पनि यस बुढानीलकण्ठ नगरपालिकाको सन्देश लिएर गएको कुरा मेला आयोजक समितिका संयोजकले बताए ।

निकै भव्य र सभ्य तरिकाले सम्पन्न मेलामा सबै जनप्रतिनिधि कर्मचारी शुभचिन्तक पत्रकारहरूको साथ र सहयोगले सहज भएको कुरा मेलामा सहभागी नगरका कर्मचारीको भनाइ थियो । नगरपालिकाले यस किसिमका मेला तथा उत्सवहरू हरेक वर्ष आयोजना गर्ने बुझिएको छ । स्थानीय स्तरमा उत्पादन भएका वस्तुहरूलाई बजारीकरण गर्ने लयमा नगरपालिका लाग्ने विश्वास नगरवासीहरूले गरेको कुरा मेलाअवलोकनमा सहभागी नगरवासीहरूले बताए ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Turbulence = हिंसात्मक, खतरापूर्ण स्थिति Pilot advised the passengers to tighten the belt in view of approaching atmospheric turbulence मौसममा आएको खतरापूर्ण स्थितिलाई विचार गर्दै पाइलटले यात्रुहरूलाई सिटको पेटी कस्ने सल्लाह दिए ।

Unsightly = कुरुप, हेर्नै नसकिने Although he is a good surgeon, he can not bear the unsightly injury ऊ राम्रो सर्जन भए तापनि विभत्स चोटपटकलाई ऊ सजिलै हेर्न सक्तैन ।

Vulpine = फ्याउरोको जस्तो He is very much famous for his vulpine intelligence फ्याउरोको जस्तो चलाखीको लागि उ नामुद छ ।

Wangle = चलाखिद्वारा कुनै कुरा मिलाउन खोज्नु She did her best to wangle an extra week holiday for herself हप्ताको एकदिन अरू विदा आफूलाई मिलाउन तिनले ठूलै चलाखी गरिन् ।

Antipathy = घृणा Mostly the white racist have antipathy towards negros धेरैजसो गोरा रंगभेदीहरू कालाहरूलाई घृणा गर्दछन् ।

Brunt = नराम्रो असर Robert was happy to dismantle the wall but he did not know that his neighbour had to bear the brunt of the dust रवर्ट पर्खाल भत्काउँदा खुसी भए तापनि भत्काउँदा आएको धुलोले उसको छिमेकीलाई नराम्रो असर पार्‍यो भन्ने कुरा उसले थाहा पाएन ।

Connoisseur = पारखी She is a connoisseur of painting तिनी कलाकी पारखी हुन ।

Discrete = बेग्लाबेग्लै The universe is a composition of discrete body ब्रम्हाण्ड बेग्लाबेग्लै अस्तित्व भएको पिण्डहरूले बनेको छ ।

Exigency = आपतकालिन अवस्था In such an exigency, we ask for help from our neighbour यस्तो आपतकालिन अवस्थामा हामी हाम्रा छिमेकीको मद्दत माग्छौं ।

Fulminate = गड्याङ गुडुङ गर्नु, पड्कनु To fulminate against some one innocent is not a nice manner निर्दोष मानिससँग पड्कनु राम्रो कुरा होइन ।

## Claim बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Claim something = माग गर्नु It is usual that diplomats claim special immunity in the immgration and custom कुटनीतिज्ञहरूले अध्यागमन र भन्सार विशेष छुट माग गर्नु स्वभाविक हो ।

Claim something = हकदावी गर्नु Crown Prince calims king's title after the death of his father युवराजले बाबुको मृत्युपश्चात राज पदवीको हकदाबी गर्छन् ।

Claim something = दाबी गर्नु After the battle, both sides claimed their victory युद्धपश्चात दुबै पक्षले आफूले विजय हासिल गरेको दाबी गरे ।

Claim something = खानु Gardening claims much of my time बगैंचाले मेरो धेरैजसो समय खाइदिन्छ ।

Claim something = लिनु The Earthquake of 2015 claimed 8 thousan lives २०१५ को भूकम्पले ८ हजारको ज्यान लियो

Claim of = उजुरी गर्नु She claimed of her lost property before the authority तिनले आफ्नो हराएको सम्पत्ती दिलाई पाउँ भनी अधिकारीसमक्ष उजुर गरिन् ।

Claim on = भराउनु If you do insurance you can always claim on यदि तिमीले बिमा गर्छौ भने क्षतिको पूर्ति भराउन सक्छौ ।

Claim for = सोध भर्ना लिनु Being a friend I do not want to claim for damage with him साथीको नाताले गर्दा उसले बिगारेकोमा म संग त्यसको सोध भर्ना लिन चाहन्न ।

Claim something back = फिर्ता लिनु If you want to buy this bike, you can not claim the money back upon certain pretext तिमी यो साइकल किन्न चाहन्छौ भने विभिन्न वाहनामा पैसा फिर्ता माग्न पाउँदैनौ ।

Claim something = तान्नु । खिच्नु Important matters always claim people's attention महत्वपूर्ण कुराहरूले सधैं मानिसहरूको ध्यान खिच्छ ।

### सुडोकु-अंक २९४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ३ | | | | २ | | ६ |
| २ | | | ३ | | | | ७ | |
| | ९ | | | ४ | | | | ३ |
| | १ | | ८ | | | | | |
| | ३ | | २ | | १ | | ९ | |
| | | | | | ७ | | ५ | |
| ७ | | | | ३ | | | ४ | |
| | ४ | | | | ९ | | | २ |
| ९ | | ८ | | | | ७ | | |

### अंक २९३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ९ | ८ | १ | ७ | ५ | ६ | ३ | ४ |
| ३ | ४ | ५ | ८ | २ | ६ | ९ | १ | ७ |
| ७ | ६ | १ | ४ | ९ | ३ | ८ | २ | ५ |
| ६ | ५ | ४ | २ | १ | ९ | ७ | ८ | ३ |
| ९ | २ | ३ | ५ | ८ | ७ | ४ | ६ | १ |
| ८ | १ | ७ | ६ | ३ | ४ | ५ | ९ | २ |
| १ | ८ | ९ | ७ | ४ | २ | ३ | ५ | ८ |
| ४ | ३ | ६ | ९ | ५ | १ | २ | ७ | ८ |
| ५ | ७ | २ | ३ | ६ | ८ | १ | ४ | ९ |

# Tree Planting Day

It is now March when spring begins to shine its rays and young sprouts start to shoot. At this time of season, the whole country is busy planting trees on the occasion of the Tree Planting Day.

Whenever we greet this day, we look back over the practical example of patriotism shown by respected Comrade **Kim Jong Un** on the first Tree Planting Day after the demise of Chairman **Kim Jong Il** in order to make the socialist lands lush and green, cherishing the noble patriotic desire of President **Kim Il Sung** and Chairman **Kim Jong Il** who devoted great efforts into turning all the country's mountains into dense forests.



It was on March 2, 2012, that respected Comrade **Kim Jong Un** inspected one of the units of the Korean People's Army.

On that day, he said that the day marks a historic occasion when President **Kim Il Sung**, despite his busy schedule with many state affairs after liberation, climbed Moran Hill together with Chairman **Kim Jong Il** and Mother Kim Jong Suk and ignited the first torch of tree planting for the country's welfare and development and lasting prosperity. Then, he planted the trees he had brought with him in company with the service personnel to this place permeated with the warm footmarks of President **Kim Il Sung** and Chairman **Kim Jong Il**.

On that day, looking back on the noble patriotic life of the Chairman who loved every blade of grass and every tree of the country, he said that it is the firm decision of our Party to energetically undertake tree planting as a mass movement so that the hills and fields of the motherland turn into a socialist fairyland thickly covered with trees. And he mapped out the grand plan to dynamically arouse the whole country to reforestation.

In hearty response to the grand plan and call of respected Comrade **Kim Jong Un**, reforestation-war against nature- was energetically carried out for the past ten years. During this period, great advances have been made in afforestation and forest protection by dint of army-people unity, self-reliance and self-development.

In the all-state and all-people struggle, large areas have been newly afforested and modern tree nurseries where production of tree saplings is put on a perfect scientific, industrial and intensive basis were built in all parts of the country. Mass movements such as movement for winning the title of Forest of Socialist Patriotism and movement for winning the title of Model County in Afforestation were vigorously waged fully displaying their might. As great efforts were also channeled to forest protection, big successes were achieved in the work for eliminating forest destruction caused by reckless felling of trees, taking adequate measures for preventing damages from blights and sufficiently solving firewood problem.

A turf institute specializing in turf research was newly organized at the State Academy of Sciences and good turf species were propagated widely. Now the mountains and fields of our motherland are changing into green forests being propelled by the work to plant trees of good species.

All of such achievements have been made possible thanks to the energetic leadership of respected Comrade **Kim Jong Un** who holds dear the lovely mountains of our motherland – the patriotic legacy of our great leaders – and devotes his heart and soul to looking after them.

The young trees he planted that day have now grown into tall and green ones, inspiring all the people across the country with zeal of patriotism and love for the native land.

# Courageous Mettle of Young People of the DPRK

The Sixth Plenary Meeting of the Eighth Central Committee of the Workers' Party of Korea, held in December last year, advanced it as an important task for construction this year to erect a characteristic street, consisting of over 4 000 flats, at the northern gateway to the capital city of Pyongyang in the sidelines of construction of 10 000 flats in the city, and decided to entrust the whole project to the Socialist Patriotic Youth League and Paektusan Hero Youth Shock Brigade.

As soon as the decision was made public, young people in Pyongyang and various other parts of the country, numbering over 100 000, volunteered for the project.

In his speech made at the groundbreakingceremony for the project held on February 25, Kim Jong Un, President of the State Affairs of the Democratic People's Republic of Korea, said: I have no doubt that our young builders will create a dignified symbol of the development of socialism and its future, which will startle the world,at the northern gateway to Pyongyang by fully displaying the mettle of the Korean young people who are prepared to brave fire and water in response to the call of the Party and motherland and who love waging the revolution and working.



Youth shock brigade members and other young people in various parts of the country volunteering for the capital city construction



Young people leaving for the construction of a new street in Pyongyang amid w arm send-offs



Young people at the groundbreaking ceremony for building a new street in the Sopho area in Pyongyang

# New Street in Pyongyang Seen on Artist's Impressions



Artist's impressions of a new street to be built in the Sopho area at the northern gateway to Pyongyang







On February 25 this year, in the presence of Kim Jong Un, President of the State Affairs of the Democratic People's Republic of Korea, a groundbreaking ceremony was held for building a new street in the Sopho area in the capital city of Pyongyang.

This project envisages building a characteristic street with over 4 000 flats at the northern gateway to the capital city of Pyongyang in 2023 in the sidelines of construction of 10 000 flats as the second stage in the Hwasong area according to the plan of building 50 000 flats in the city, a task set forth at the Eighth Congress of the Workers' Party of Korea.

When the project is finished, there will appear at the northern gateway to the capital city a splendid street, an ideal street for the people, with a grand street axis and residential quarters consisting of super-highrise apartment houses and other housesof different shapes in good harmony with public buildings. This will add to the modern character and splendour of Pyongyang.

## शासकीय...

उठिबास भइरहेको छ। बजार अनुगमन गर्ने, मूल्य निर्धारण गर्ने र नाफाखोर व्यापारीलाई कारबाही गर्न सरकार उदासीन छ। लास सड्न नदिने केमिकल फरमालिन प्रयोग गरिएका भारतीय माछाहरू र रोगले मरेका भारतीय ब्रोइलर कुखुराहरू खान नेपाली जनता विवश छन्। मत्स्य र कुखुरा व्यवसाय गर्ने नेपाली व्यवसायीहरू बैंकको ब्याज तिर्न नसकेर सुसाइटको कहालिलाग्दो बाटो रोज्न बाध्य हुँदैछन्। जनजीविकाको सवालमा सरकारले कुनै कार्यक्रम ल्याउन सकेको छैन। जनताको क्रय शक्तिको कमीले ग्रोसरी डिपार्टमेन्टल स्टोर, तारे होटलहरू सुनसानजस्तै बनेका छन्। पर्यटनको क्षेत्रमा समेत आशातीत सुधार हुन सकेको छैन। पर्यटन व्यवसायीहरू हतोत्साहित बनिरहेका छन्। १५ सयदेखि २५ सयसम्म दिनुहँ युवाशक्ति वैदेशिक रोजगारीका लागि विमानस्थलमा लामबद्ध देखिन्छन्। हरेक दिन ३ देखि ५ जना वैदेशिक रोजगारीमा गएकाहरू कफिनमा फर्किरहेका छन्। देशभित्र रोजगारीका कुनै पनि अवसर सिर्जना गर्न सरकार चासो देखाउँदैन। चुनाव जित्ने, सत्तामा जाने र समझदारी र गठबन्धन गरेर मुलुक लुट्ने सूत्रबाट राजनीतिक दल र तिनको नेतृत्वको सदावहार अभियानमा कुनै सुधार आएको छैन। दलहरूका गठबन्धन बन्छन्, तर ती गठबन्धनका बैठकमा जनताका समस्यालाई कहिल्यै एजेन्डा बनाइँदैन। गठबन्धनका बैठक कसलाई राष्ट्रपति बनाउने, कसलाई उपराष्ट्रपति बनाउने, कुन दलले कुन मन्त्रालय लिने यिनै विषयमा बस्ने गर्छ। राष्ट्रपति र उपराष्ट्रपतिको माथापच्चीपछि अब सरकार विस्तारको श्रृंखला सुरु हुँदैछ।

दोस्रो पटक संसदबाट विश्वासको मत लिएपछि प्रधानमन्त्री प्रचण्ड मन्त्रिपरिषद् विस्तारको तयारीमा छन्। उनलाई विश्वासको मत दिएका १० वटा दलले मालदार मन्त्रालयहरूमा दाबी गर्न थालेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीले फेरि गृह मन्त्रालय चाहियो भन्दैछ। माओवादी केन्द्रका नेताहरू गृह आफैंले राख्नुपर्ने सुझाव प्रधानमन्त्रीलाई दिइरहेका छन्। कांग्रेस पनि गृह र अर्थमा दाबी गरिरहेको छ। अर्को आकर्षक मन्त्रालय सहरी विकासमा नागरिक उन्मुक्ति, जनमत, जसपा, लोसपाले माग गरिरहेका छन्। २५ वटा मन्त्रालय छन् ३८ वटा मन्त्रालयको माग भइरहेको छ। प्रधानमन्त्रीलाई मन्त्रालय भागबन्डा गर्न सकस परिरहेको छ। यदि राजनीति विशुद्ध समाजसेवा हो भन्ने मान्यता दलहरूमा स्थापित हुन्थ्यो भने धेरै बजेट हुने मन्त्रालयहरूमा हानथाप हुने थिएन। नेपालमा राजनीतिलाई दलहरूले व्यापार व्यवसाय बनाएका छन्। डाक्टर, इन्जिनियर, वकिल, चार्टर एकाउन्टेन्ट, पत्रकार हुन पढ्नुपर्छ तर नेता हुन यस्तो झन्झट व्यहोर्नु पर्दैन। त्यसैले नेपाली राजनीतिको आकर्षणमा कमी भने आएको छैन। नेताकी पत्नी, प्रेमिका, भान्जाभान्जी, ज्वाइँ, सालासाली छोराछोरी भए राजनीतिक योग्यता काफी। नाता नपर्ने भए पनि बडे नेताको आज्ञापालक भए पनि फलिफाप। राजनीतिको यो विद्रुप दृश्य समानुपातिक निर्वाचन प्रणालीले सतहमा देखाइसकेको छ। १९ औं शताब्दीको मध्यतिर डेनमार्कका कार्ल एन्ड च्याए, बेलायतका ट्रोमस ह्योर र जोन स्टुवार्ट मिलले समानुपातिकको अवधारणालाई बहसमा ल्याएका हुन्। यस्तो प्रतिनिधित्वलाई गैरराजनीतिक छनोट मानिन्छ। यसमा विज्ञलाई ल्याइन्छ। ब्राजिल, इटाली, स्पेन, दक्षिण अफ्रिका, युक्रेन, रसियामा राष्ट्रियसभा वा समानुपातिकबाट आएकाहरू गैरराजनीतिक बनावटका विज्ञ विशेषज्ञ देखिन्छन्। राष्ट्रियसभा वा समानुपातिक जनसंख्याको अनुपातमा नभई देशलाई समृद्ध बनाउन चाहिने विविध प्रकारका योगदानको अनुपातको प्रतिनिधित्व हो। तर हामीकहाँ आफन्त र पैसावाल नै समानुपातिक छनोटमा पर्ने गरेका छन्। अनि उँभो लाग्छ देश कसरी ? जब नेताहरू द्रव्यपिशाच बनेर समानुपातिक कोटा बिक्री गर्छन्।

धर्मराएको अर्थतन्त्र र बढ्दो भ्रष्टाचारले देशको शासकीय प्रणाली नै भत्किने खतरा बढ्दै गएको छ। संघदेखि स्थानीय तहसम्म भ्रष्टाचारले जरा गाडेको छ। अरबौं बेरुजु रकम पचाएर राजनीतिक र प्रशासनिक नेतृत्व झुसिलो डकार डकारिरहेका छन्। वैदेशिक ऋण र अनुदान लिएर कर्मचारीहरूलाई तलब खुवाउनुपर्ने अवस्था उत्पन्न भइसकेको छ। प्रचण्ड नेतृत्वको सरकारले देश र जनताका पक्षमा काम गर्ने अपेक्षा सायदै कुनै नागरिकले पालेका होलान्। पुस १० गते प्रधानमन्त्री भएका प्रचण्डले पुरानै लोभीपापीहरूको गठबन्धन ब्युँताएका छन्। अहिलेसम्म तदर्थ सरकार चलाइरहेका प्रचण्डको नयाँ मन्त्रिपरिषदमा आउने उनै विगतका भ्रष्ट अनुहारहरू नै हुन्। मन्त्रिपरिषद्को पूर्णताले दैनिक प्रशासन चल्ने हो, जनताको चुल्हो जल्ने होइन। जनताले शासन भोग्ने हुन् रासन पाउने होइनन्। गास बास र कपास जनसपनाको सम्बोधनतर्फ सरकारको ध्यान जानेवाला छैन। माओवादीबाट खाओवादी बनेका प्रचण्डबाट देश र जनताले कुनै आशा गर्नु व्यर्थ छ। अब प्रचण्डको टिमले अढाई वर्ष लुट्छ, त्यसपछि भोकाहरू लिएर देश लुट्न आउँछन्। एक वर्ष माधव नेपाल, अनि डेढ वर्ष भ्रष्टाचारका विशेषज्ञहरूको अर्को समूह लिएर सत्ता नेतृत्वमा आउने छन् शेरबहादुर देउवा। फेरि चुनाव आउँछ, मूर्ख जनता फेरि यिनैलाई जिताएर पठाउँछन्। अर्को तेस्रो जनआन्दोलन नउठेसम्म गठबन्धनका नाममा यी ब्वाँसाहरूले जनता र देश लुट्ने सिलसिला रोकिने छैन।

## विश्वविद्यालयमा...

जस्ता विद्यार्थीका गतिविधिले वास्तवमा स्ववियुको औचित्यमाथि नै प्रश्न उठाएका छन्। विद्यार्थी संगठनबीचको निर्वाचनमा पनि ठूला चुनाव र आमनिर्वाचनमा जस्तो तडकभडक र प्रचारबाजी कुनै पनि अर्थमा स्वाभाविक छैन।

२००७ सालअघिको जयतु संस्कृतम् होस् या २०३६ सालको आन्दोलन होस् या २०४६ र २०६३/६३ को दोस्रो जनआन्दोलन सबैजसोमा विद्यार्थीको योगदान छ। त्यसमाथि निरंकुश पञ्चायतकालमा खुला राजनीति नहुँदा विद्यार्थी मोर्चाबाट प्रजातान्त्रिक आन्दोलन अघि बढाउन स्ववियु प्रभावकारी मञ्च थियो। तर, पछिल्लो समय जसै लोकतन्त्र स्थापित भयो, विद्यार्थी संगठनहरूकै आवश्यकतामाथि नै प्रश्न छ। मूल राजनीतिक पार्टीहरूले शिक्षा क्षेत्रमा आफ्नो पकड जमाउने अस्त्रका रूप विद्यार्थी संगठन बनाएका छन्। तिनले स्ववियु निर्वाचनमा पनि हस्तक्षेप गर्दा माहोल झन् बिग्रिएको छ र चैत ५ गते निर्धारित त्रिभुवन विश्वविद्यालयलगायत विश्वविद्यालय अन्तर्गतका थुप्रै क्याम्पसमा निर्वाचनसमेत हुन सकेन। विश्वविद्यालयहरूमा चरम बेथिति छ।

शैक्षिक क्यालेन्डर बनेर कार्यान्वयन नहुनु, बेलामा परीक्षा नलिनु, नतिजा नआउनु र पढाइ नहुनुमात्रै होइन, विश्वविद्यालयहरू खोजअनुसन्धानमा केन्द्रित नहुनु सामान्य छ। त्यसबारेमा विद्यार्थी संगठनहरूले कहिल्यै आवाज उठाएका हुँदैनन्। उनीहरूको ध्यान विश्वविद्यालयमा हुने राजनीतिक नियुक्तिमा आफ्ना माउपार्टीलाई फाइदा गराउनेतिर मात्रै छ। विद्यार्थीको पक्षमा खासै कुनै कर्म गरेको नदेखिने तर माउपार्टीहरूको पक्षपोषणका लागि उद्यत रहने विद्यार्थी संगठनका लागि स्ववियु किन चाहियो ? प्रश्न जायज छ। अर्कोतिर स्ववियुमा निर्वाचित हुनु पनि विद्यार्थी नेताहरूको आफ्नै राजनीतिक भविष्यको रोटी सेक्नुमात्रै छ। स्ववियु भ्रष्टाचार र राजनीतिक छक्कापञ्जाको प्रयोगशाला मात्रै भएकोमा पनि शंका छैन। राजनीतिक संगठनका लागि मात्रै फाइदाजनक स्ववियुको औचित्यमा प्रश्न छ। स्ववियु विशुद्ध विद्यार्थीका शैक्षिक हकहितमा केन्द्रित नभएसम्म यसको औचित्य सावित हुँदैन।

## राहुल...

३० दिनको समय दिएको छ। सन् २०१९ मा गान्दीले मोदी थरलाई लिएर एउटा टिप्पणी गरेका थिए। मुद्दाको सुनुवाइ भइरहेका बेला राहुल सुरत अदालतमा उपस्थितसमेत थिए। राहुलले कथित रूपमा एक बयानमा 'किन सबै चोरका थर मोदी छ ?' भनेको आरोप लागेको छ। राहुल गान्धीमाथि भारतीय दण्ड संहिताको धारा ४९९ र ५०० अन्तर्गत रहेर मुद्दा दायर गरिएको थियो। भारतीय दण्ड संहिताको धारा ४९९ मा आपराधिक मानहानिको कसुरमा अधिकतम २ वर्षसम्म जेल सजाय हुन सक्ने कानुनी प्रावधान छ। सन् २०१९ को लोकसभा चुनावको प्रचारप्रसारका क्रममा कर्नाटकको कोलारमा उक्त विवादास्पद भनिएको बयान दिएको आरोप छ। हिन्दुस्तान टाइम्सका अनुसार राहुल गान्धीलाई १० हजार रुपैयाँमा धरौटीमा छाडिएको हो। अदालतको आदेशलगत्तै राहुल गान्धीले महात्मा गान्धीको भनाइ फेसबुकमा सेयर गरेका छन्, 'मेरो धर्म सत्य र अहिंसामा आधारित छ। सत्य मेरो भगवान हो, अहिंसा त्यसलाई प्राप्त गर्ने साधन।'

## नेपाल...

शीर्ष दश' भित्र पर्दै प्रथम मुलुक घोषित भएको हो। मलेशियाको राजधानी क्वालालम्पुरमा आयोजित समारोहमा मलेसियाका लागि नेपाली राजदुत डिल्लीराज पौडेलले अवार्ड ग्रहण गर्दै साहसिक खेलका लागि नेपालमा उपयुक्त स्थानहरू र अनुकुल मौसम रहेको बताए। साहसिक खेलका लागि आवश्यक पर्ने पूर्वाधारहरू प्राकृतिक रूपमै बनेको चर्चा गर्नुहुँदै उहाँले मौलिक कला, संस्कृति र सम्पदामा पनि नेपाल पर्यटनको प्रशस्त सम्भावना बोकेको मुलुक रहेको बताए। समारोहमा सञ्चारकर्मी, चलचित्र निर्माता, पर्यटन व्यवसायी, साहसिक खेलाडीहरूको सहभागिता थियो।

यसैबीच प्रधानमन्त्री श्री नेसन्स कप फुटबल प्रतियोगिताको लाओसविरूद्धको खेलमा नेपालले जित हासिल गरेको छ। दशरथ रंगशालामा भएको खेलमा नेपालले लाओसलाई २-० ले पराजित गरेको हो। खेलको ३२ औं मिनेटमा हेडिङमार्फत् अनन्त तामाङले गोल गरे। ५५ औं मिनेटमा नवयुग श्रेष्ठले अर्को गोल गरेका थिए। नेपालले चैत १४ मा भुटानसँग खेल्नेछ। त्यसअघि माघ ११ मा लाओस र भुटानबीच खेल हुनेछ। समूह चरणका सबै खेल साँझ ६ बजे सुरू हुनेछन्। फाइनल चैत १७ मा साँझ ५:३० बजे हुनेछ।

## अर्थतन्त्र...

छलफलमा गोल्छाले सो कुरा बताएका हुन। सार्कमा कतिपय देशको तुलनामा विदेशी मुद्रा संचिति, मुद्रास्फिति, आन्तरिक एवं वाहय ऋणको अनुपातका हिसावले नेपालको अर्थतन्त्र मजवुत देखिएपनि चर्को ब्याज दर, तरलता संकट, निर्माण क्षेत्रमा आएको सुस्तता लगायतका इन्डिकेटरका कारण अर्थतन्त्रको स्वास्थ्य चिन्ता रहेको गोल्छाले बताए। अर्थतन्त्र गम्भीर संकटमा हुनुमा विशेष त सरकारको आर्थिक नीति र केन्द्रीय बैंकको मौद्रिक नीति बीच तादात्म्यता नहुनु भएको उनले बताए।

कोभिड लगत्तै ओभर हिटेड भएको अर्थतन्त्रको सही विश्लेषण गरेर नीति लिनु पर्नेमा त्यसमा विचार नगरी अधिक तरलता छोड्दा अहिलेको समस्या आएको अध्यक्ष गोल्छाको भनाइ थियो। अहिलेको संकट समाधान गर्ने हो भने वितरणमुखी कार्यलाई रोकेर विकास खर्च बढाउनु पर्ने भन्दै गोल्छाले भने, 'यसका लागि कठोर निर्णय लिनैपर्छ, त्यसमा दलहरूको सहयोग अपरीहार्य छ।'

अध्यक्ष गोल्छाले सहकारी तथा लघुवित्त संस्थाहरूको प्रभावकारी नियमन गर्ने बिषयलाई संसदमा प्रभावकारी ढंगबाट उठाउनु पर्ने सुझाव दिए। सहकारी तथा लघुवित्त संस्थाको अनुगमन नहुँदा पनि अहिलेको समस्या आएको उनको भनाई थियो। मुलुकभित्र आन्तरिक एवं वाह्य लगानी आकर्षण हुन नसक्नुमा पुराना ऐन कानून वाधक रहेको गोल्छाले बताए। मुलुकभित्र लगानी, उद्योग व्यवसाय फस्टाउन नसक्नुमा बाधक बनेका ऐन कानूनको पहिचान गरी महासंघले सरकारमा पेश गरेकाले त्यसमा सहयोग गर्न पनि उनले आग्रह गरे।

महासंघले आगामी दश वर्षको मुलुकको अर्थतन्त्र एक सय अर्व डलर पुरयाउने, अतिरिक्त थप २२ लाख रोजगारी सृजना गर्ने लगायतका उद्देश्यले नेट २०३० सार्वजनिक गरेको र त्यसको कार्यान्वयनका लागि सरकारको समेत प्रतिवद्धता आएकाले यसलाई सफल पार्न स्वतन्त्र पार्टीको पनि सहयोग महत्वपूर्ण हुने धारणा राखे। अध्यक्ष गोल्छाले विधायक र निजी क्षेत्र बीच अर्थतन्त्रका विषयमा निरन्तर छलफल अन्तरक्रिया आवश्यक रहेको परिप्रेक्षमा राष्टिय स्वतन्त्र पार्टीको यो प्रयासको प्रशंसा समेत गरे। उनले बिषयमा आधारित छलफलहरू निरन्तर हुन पनि सल्लाह दिए।

## नक्कली...

बनाइदिएका थिए। नागरिकतामा उनको जन्ममिति २० चैत ०४९ उल्लेख गरियो। ३ पुसमा टासीको नागरिकता झिके। उनको जन्ममिति १० माघ ०५१ उल्लेख गरियो। १९ माघमा यशोदाको नागरिकता बनाए। उनको जन्ममिति २४ असोज ०६१ लेखियो। ३० फागुनमा नाम्सेको नागरिकता बनाए। उनको जन्ममिति २१ माघ ०६० उल्लेख गरियो।

प्रहरीका अनुसार मुख्य योजनाकार कटुवाललाई नक्कली कागजात बनाउन मोरङको सुन्दरहरैंचा नगरपालिका- ३ का ४९ वर्षीय हिरालाल सिवाकोटीले सहयोग गर्दै आएका थिए। उनीहरूले पाँच वर्षको अवधिमा पाँच सयभन्दा धेरै तिब्बतीलाई नेपाली नागरिकता बनाएर दिएको प्रहरीको भनाइ छ। यसबापत उनले प्रतिनागरिकता पाँच लाखसम्म लिने गरेका थिए।

नेपाल प्रहरीले तिब्बती शरणार्थीलाई नेपाली नागरिकता बनाइदिएर ठूलो रकम असुल्ने गिरोहलाई पक्राउ गरेको छ। चैत ५ गते तिब्बती शरणार्थीलाई नेपाली नागरिकता बनाइदिइरहेको अवस्थामा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीको टोलीले पक्राउ गरेको गिरोहलाई बुधबार सार्वजनिक गरेको हो।

उनका अनुसार तिब्बती शरणार्थीहरूलाई नेपाली नागरिकता बनाइदिने काममा सक्रिय रहेको आरोपमा झापाको कचनकवलका कृष्णबहादुर कटवाल, भक्तपुरको मध्यपुर थिमिका न्युल्केश श्रेष्ठ, मोरङको सुन्दरहरैचाका हिरालाल शिवाकोटी, तनहुँ शुक्लागण्डकी नगरपालिकास्थित तिब्बती शरणार्थी क्याम्पका लोब्साङ ठिन्ले र ललितपुर गोदावरीका विजय लामा रहेका छन्।

प्रहरीले पक्राउ परेकामध्ये कटवालले काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट तिब्बती शरणार्थीहरूको सक्कली नेपाली नागरिकता बनाउने क्रममा विभिन्न व्यक्तिहरूलाई नक्कली बाबुका रूपमा उपस्थित गराई सनाखत गराउने गरेको खुलासा प्रहरीले गरेको थियो। उनी १० वर्षदेखि लेखापढी व्यवसायमा संलग्न रही विभिन्न व्यक्तिहरूको नक्कली नागरिकता, विभिन्न शैक्षिक संस्थाको शैक्षिक प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र, जन्मदर्ता, बसाइँसराइ, विवाह दर्ता र सम्बन्धविच्छेद लगायत वडा कार्यालयको सिफारिसलगायतका महत्वपूर्ण कागजात बरामद भएको जनाएको थियो। सो गिरोहबाट किर्ते गर्न प्रयोग हुने वडा कार्यालयहरूको छाप तथा दस्तखत र नक्कली कागजात पेस गरी बनाइएको गैरनेपालीले प्राप्त गरेको नागरिकताको सक्कल कपि समेत फेला परेको थियो।

## भगवान...

अवधूत, वणिक् तथा नागावेशधारीबाट अन्य राज्यको समाचार संकलन गर्नुपर्छ र प्रतिवर्ष नयां अधिकारी नियुक्त गरियोस्, प्रदेशाधिकारीको चांडो सरूवा गर्ने, अन्य राजाको सेना तथा सैन्यबलको बराबर निगरानी, अर्को देशको गुप्तचर आफ्नो देशमा देखापरेमा दण्ड नदिई छोडिदिने तर उसको अभिप्रायलाई बुझ्ने, आफ्ना सीमाका दूतलाई नियमित शिक्षित पार्ने। देश, काल, बल, कोष र स्वयंको उत्साह हेरि आफ्नो बल, मित्रको बल, मित्रको मित्रको बल तथा सुहृद्को सुहृद्योंको बल विचार गरि शत्रुको बल निरिक्षण गर्ने, शत्रुको उत्कर्ष सुनेर धैर्य नगुमाउनु, को राजा आफूलाई साथ दिन्छ वा शत्रुलाई, फेरी शत्रुको शत्रुसंग मित्रता गांस्ने, अरूको शत्रुको कि रक्षा नगर्नु वा राम्ररी गर्नु, शत्रुको सेना कुनै प्रकार धोखाले निकट आएमा सुरक्षा दिने, शत्रुको मित्र तथा सुहृद्का सेनाको रक्षा गर्नु, शत्रु राष्ट्रका पर्वत, नदि, वन, दुष्टहरूको बाटो, जलाशय, गुप्तचरको बाटो आदिको ज्ञानलिई आफ्नो राज्यको सुरक्षाको प्रबन्धगरि मात्र आक्रमण गर्ने, संग्रामभूमीबाट नभाग्ने, शत्रुलाई आफ्नो पीठ्यूं नदेखाउने।

राजाले कहां जाने हो, त्यो बताउनु हुंदैन (मानौं पूर्वमा जानु छ भने उत्तरतिर झण्डा गाड्ने अनि सेनाका शिविरहरू बनाउने आधाकोस जति सेनाहरू उत्तरमै गई पछि पूर्वतिर लाग्ने), अन्य राजाको झण्डाबीच आफ्नो झण्डा गाडेर गुप्तचरबाट समाचार लिने, आफ्नो राज्यमा जता जानु छ, त्यतै झण्डा गाड्ने र शिविरपनि बनाउने, राजाले तोप, यन्त्र, वाहन, सेनाको संख्या, धन आदिको संग्रह गर्ने, आफ्नो राष्ट्र, किला, बजार, राजधानी, निर्जल वन आदिमा प्रचुर धन खर्च खर्चेर (यो खर्च होइन) जलाशय बनाउने, धर्मकर्मलाई भविष्यको धन संग्रहमानी आयोजन गर्ने, आपत्तिबाट बच्न धनको रक्षागर्ने, धनभन्दा श्रेष्ठ स्त्रीको रक्षा तथा धन-स्त्रीभन्दा बढी स्वयंको रक्षागर्ने, आयको चौवन्नीपनि कसैबाट लिन नबिर्सनु तर करोडौं रूपये कल्याणको लागि खर्च गर्ने। नगरबाहिर विना सेनाको नजाने, ग्राममा पनि एक्लै नघुम्ने, नबस्ने, पैदल नहिंड्नु, पटकपटक कसैको घर नजाने।

श्रीरामले राजनीति सिकाउँदै गए- द्वारपाल, पानी पिलाउने सेवक, धोबी र नाईं (हजाम) माथि कहिल्यै विश्वास नगर्नु, धोबीले ल्याएका लुगा चेकजांच गरि लाउनु भने नाईंलाई धेरै रूपैया-पैसा दिएर खुशी राख्नु, पानको बीडा पहिला एउटा अरूलाई ख्वाउनु पछि अर्को आफू चपाउनु, पानीपहिला परिक्षण गरि आंखाले हेरेर मात्र पिउनु, अरूले दिएको फललाई जांच गरि मात्र सेवन गर्नु। अन्य राजा भेट्न आउंदा उनीसंग टाढाबाट नै भेट्ने, प्रतिदिन एक वा दुई चोटीमात्र राजसभामा जाने तर आधी प्रहरभन्दा बढी नबस्ने, सभामा गोडा फैलाएर नबसी घुंडा सिंकुडाएर बस्ने, सभामा बढी नहांस्ने, सभामा कहिल्यै फोहर लुगा नलाउने, सभामा कवचधारण गरि बस्ने, चुपचाप बस्ने त्यहां, नथुक्ने, कपाल नकन्याउने, घरायसी काम सभामा नगर्ने, आफूसंग द्वेष गर्नेलाई नगरनिकाला गर्ने, सदैव गणिका, गणक -ज्योतिष), वैद्य, गायक, बन्दीजन, नट, पण्डित, धर्मशास्त्री, सैनिक, वैदिक तथा ब्राम्हणलाई दानमान गरिर प्रसन्न राख्ने, सबैलाई सम्मान गर्दै कहिल्यै प्रजालाई व्यर्थ दण्ड नदिने, प्रजामा क्लेश हुन नदिने।

राजद्वारको दूतले जहिल्यै पनि राजालाई भेट्न आउनेलाई लबादे उतार्नलगाई परतल खुलाउन लाउने, भेट्नेको अस्त्रशस्त्र त्यहीं राख्ने, राजासंग भेट्नेले प्रणाम गरि संकेतित आसनमै बस्ने, माण्डलिक राजा (एउटा मण्डलको राजा वा आजको जमानामा मुख्यमन्त्री)को लागि राजाको सम्मुख कुर्सी राखिने र माण्डलिक राजाले नहांसी, न जम्हाई लिई, पटकपटक हाछ्यूं नगरि अगाडी हातगोडा राखिकन राजामाथि हेर्दै बस्ने, माण्डलिकले आउंदा जांदा बारम्बार प्रणाम गर्ने।

राजाले हाथी, गर्भिणी मृगी, पानी पिउंदै गरेको जीव, निद्रावस्थाको जीव र शरणमा आएको जीवको शिकार कहिल्यै गर्नुहुंदैन, शिकार खेल्नु अगावै आठवटै दिशामा मान्छेलाई नियुक्त गर्ने। रात्रीमा मित्रसंग कम्बल ओढेर स्वयं वा मित्रद्वारा महलबाहिर सहर (पुर) द्वारका अर्गलादण्ड निरिक्षण गरि अटपट कुरा गर्नेलाई सुन्ने, सपरिवार डुङ्गामा सयर नगर्ने, बजार वा कुनै चौराहामा नबस्नु, आफ्नी स्त्री/पुत्रलाई नधम्क्याउने, नगरबाहिर मोहरलागेको पत्र दिएरमात्र प्रजालाई जाननदिने (पासपोर्ट जस्तो अनुशासित र परिचय खुलस्त राख्न), नगरभित्रपनि आवतजावत गर्नपनि मोहरपत्र (परिचयपत्र) दिई जानदिने, वन वा बाटामा चोरले चोरी गर्न नपाउन् रूपैया लिएर चोरलाई रिहाई नगर्ने, तीर्थस्थानबाहेक राजाले मुण्डन नगर्ने, पर्वमा घरमा स्नान नगरि तीर्थ जाने, धनुष र वाणलाई गोडाले नछुने, चौपड-पचीसी नखेल्ने, ब्राम्हणको साथ वादविदान बढी नगर्ने, घरको द्वार तथा खुल्ला जमीनमा नबस्ने, बाटोमा पनि नबस्ने र दुःख खेद नगर्ने, महिलाले पानी भर्न जाने ठाउंमा नबस्ने, अन्नलाई सस्तोपार्न बनियां (व्यापारी)लाई दण्ड दिईरहने, महंगी बढ्यो भने देशको करभार (ट्याक्स) अलि कम पार्ने, कहिल्यै अतिशठता नगर्ने।

राजाले कहिल्यै अनुहार हेरी न्याय गर्नुहुंदैन र जहिल्यै स्वयंले नै न्याय गर्नुपर्छ, कोही दुःखी आए भने उसको पीडा आदरपूर्वक सुन्ने, कुनै किसिमको घमण्ड नगर्ने, यज्ञ, दान, जप, होम, सन्ध्या, शिर्वाचन, स्नान र पुराणश्रवण भक्तिपूर्वक गरिराख्ने, प्रत्येक एकादशीको केवल फलाहार गर्ने र कहिल्यै निर्जल उपवास नगर्ने, ब्राम्हणले मागेको कुरा उनलाई देवता मानीकन पूरा गर्ने, क्रोधवस जेलमा हालिएकालाई कुनै उत्सवको मौकामा रिहा गर्दै जाने, यदि कसैले आफ्नो आज्ञा उल्लंघन गरेमा आफ्नो घांटी काटिएसरह लिने, आफ्नो दूतको अपमान आफ्नो अपमान ठान्ने। श्रीरामले यसपछि दिनचर्या जसरी आफूले गरिरहेका छन्, सोहि अनुसार कुशलाई अमल गर्न सिकाए।

## लडाकु...

सरकारले चित्तबुझ्दो जवाफ भने दिन सकेको छैन। २०६३ कात्तिक २२ गते ७ दल र माओवादीबीच 'संविधान सभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रिकरण तथा पुनर्संरचना गर्न विगतमा भएका १२ बुँदे समझदारी, ८ बुँदे सहमति, २५ बुँदे आचारसंहिता र २०६३ साउन २४ गते संयुक्त राष्ट्र संघलाई पठाइएको पाँच बुँदे पत्रको भावनाअनुसार माओवादी सेनाका लडाकु कैलाली, सुर्खेत, रोल्पा, पाल्पा, काभ्रे, सिन्धुली र इलामका मुख्य शिविरमा राख्ने र संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने' सहमति भएको थियो। त्यसपछि ०६३ मंसिर ५ को शान्ति सम्झौतामा लडाकु र हतियार शिविरमा राख्ने सहमति बनेको थियो।

०६३ मंसिर २० मा 'हतियार तथा सेना व्यवस्थापन अनुगमन' सम्झौताले माओवादीका लडाकु हुन मापदण्ड तोक्यो। जसमा माओवादी लडाकु नेपाली सेनामा समायोजन हुन ०६३ साल जेठ ११ अघि माओवादी सेनामा भर्ती भएको र ०४५ जेठ १२ अघि जन्मेको हुनुपर्थ्यो। माओवादीले सैन्य शिविरमा ल्याएर राखेकामध्ये ४ हजार ८ जनाले त्यस्तो मापदण्ड पूरा गर्न सकेनन्। अर्थात् उनीहरू माओवादी लडाकु मानिएनन्। लडाकु नमानिएपछि उनीहरू नेपाली सेनामा समायोजन हुन पनि पाएनन् र कतिपय लडाकुले स्वैच्छिक अवकाश रोजेर राज्यबाट एकमुष्ट रुपमा पाएको जस्तो पैसा पनि पाएनन्। तिनै अयोग्य लडाकुहरूलाई अहिले माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले प्रत्येकलाई २ लाखका दरले पैसा दिने प्रक्रिया अघि बढाएको हो।

माओवादीहरू सशस्त्र युद्ध छाडेर शान्ति प्रक्रियामा आउँदा सुरूमा ३२ हजार ३ सय ५० लडाकु शिविरमा थिए। यीमध्ये कतिपय शिविर छाडेर गए। अन्तिममा अनमिनले १९ हजार ६ सय २ जनालाई नेपाली सेनामा समायोजनका लागि योग्य प्रमाणित गरेको थियो भने ४ हजार ८ जनालाई अयोग्य। माओवादी लडाकुको बर्गीकरण गरिसकेपछि अनमिनलाई नेपालबाट बिदाइ गरियो। माओवादी सेना समायोजन विशेष समिति बनाएर माओवादीका लडाकुका शिविर सरकार मातहत ल्याइए। २०६८ चैतमा माओवादी लडाकु शिविर सेनाको मातहत राखियो। साथै २०६९ कात्तिक १६ मा लडाकूलाई नेपाली सेनामा समायोजन गर्नेसम्बन्धी सहमति बनेको थियो। माओवादी लडाकुलाई सेनामा समायोजन हुने वा जनही ५ लाखदेखि ८ लाख लिएर स्वैच्छिक अवकाशमा जाने विकल्प थियो। १५ हजार ६ सय ३० जना माओवादी लडाकुले स्वैच्छिक अवकाश रोजे। एक हजार ४ सय २२ लडाकु नेपाली सेनामा समायोजन भए। माओवादी शिविर, लडाकू रेखदेख, समायोजन लगायतमा गरी राज्यको करिब २० अर्ब रुपैयाँ खर्च भयो।

माओवादी 'जनयुद्ध' मा होमिएका तर १८ वर्ष नपुगेका बालसैन्यलाई सरकारले राहत दिनुपर्छ भन्ने आवाज उठ्न थाल्यो। कतिपयले भने अनमिनले 'अयोग्य' ठहर्‍याएकालाई राज्यकोषबाट आर्थिक सहयोग गर्न हुँदैन भन्दै आलोचना गरेका थिए। विभिन्न सरकारका पालामा 'अयोग्य लडाकु' लाई पैसा दिने निर्णय मन्त्रिपरिषदबाट भए पनि कार्यान्वयन भएका थिएनन्। अहिले माओवादीका अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीसहित १६ मन्त्रालय सम्हालेका बेला सरकारले 'अयोग्य लडाकु'लाई पैसा दिने निर्णय गरेको हो। सरकारमा अहिले माओवादी र जनमत पार्टी मात्रै छ। माओवादीको एकलजस्तै सरकार भएका बेला लडाकुलाई जनही २ लाखका दरले पैसा दिन लागेपछि फेरि सरकारको आलोचना सुरु भएको छ।

'अयोग्य लडाकु'लाई पैसा दिने निर्णय पहिलो पटक भएको भने होइन। यसअघि बाबुराम भट्टराई र केपी शर्मा ओली प्रधानमन्त्री हुँदा पनि पैसा दिने निर्णय भयो तर सर्वोच्च अदालतमा मुद्दा परेपछि कार्यान्वयनमा आएन। भट्टराई सरकारले २०६९ कात्तिक ५ गते मन्त्रिपरिषदबाट 'अयोग्य लडाकु'लाई २ लाखका दरले राहत दिने निर्णय गरे पनि सरकारको निर्णयविरूद्ध सर्वोच्च अदालतमा मुद्दा पर्‍यो, पैसा बाँडिएन।

## निरन्तर...

थियो। गत वैशाखदेखि पुससम्म सरकारले केही वस्तुको आयातमाथि लगाएको प्रतिबन्ध र शतप्रतिशत नगद मार्जिनको व्यवस्थाका कारण चालू आर्थिक वर्षमा तुलनात्मक रूपमा आयात घटेको हो। गत आर्थिक वर्षको पहिलो आठ महिनामा १३ खर्ब आठ अर्बको वस्तु आयात भएको थियो। चालू आर्थिक वर्षको आठ महिनामा १० खर्ब ५८ अर्बबराबर वस्तु आयात भएको छ। अत्यधिक आयात हुनेमा डिजेल, पेट्रोल, खाना पकाउने ग्यास, हवाई इन्धन, कच्चा खानेतेल, स्मार्टफोन, सुनलगायतका वस्तु छन्। विभागका अनुसार आठ महिनामा ९८ अर्ब ९५ करोडको डिजेल, ४४ अर्ब १५ करोडको पेट्रोल, ३८ अर्ब ७२ करोडको खाना पकाउने ग्यास, १४ अर्ब ५१ करोडको हवाई इन्धन, २७ अर्ब ६७ करोडको भटमासको कच्चा तेल, १० अर्ब ९८ करोडको सूर्यमुखी कच्चा तेल, २० अर्ब ११ करोडको पाम तेल, १६ अर्ब ६० करोडको स्मार्टफोन र १६ अर्ब ४६ करोडको सुन आयात भएको छ।

सरकारले आयातमाथिको कसिलो नीति हटाएपछि आयातमा वृद्धि भए पनि निर्यात व्यापार भने ओरालो लागेको छ। विभागका अनुसार फागुनमा ११ अर्ब ३६ करोडको मात्रै वस्तु निर्यात भएको छ। पुसमा १३ अर्ब ५० करोडको निर्यात भएको थियो। माघमा १२ अर्ब ६२ करोड निर्यात गरेको विभागको तथ्यांकले देखाएको छ। गत आर्थिक वर्षको फागुनमा नेपालले १६ अर्ब नौ करोडको निर्यात भएको थियो।

चालू आर्थिक वर्षको आठ महिनाको कुल निर्यातमा समेत कमजोर देखिएको छ। यस अवधिमा एक खर्ब चार अर्ब ७६ करोडको निर्यात भएको थियो। गत आर्थिक वर्षको यही अवधिमा एक खर्ब ४७ अर्ब ७२ करोडको निर्यात भएको थियो। निर्यात हुने प्रमुख वस्तुमा प्रशोधित सूर्यमुखी तेल, पामतेल, कार्पेट, अलैंची, धागो छन्। यसबीच आठ अर्ब ३७ करोडको सूर्यमुखी तेल, १३ अर्ब एक करोडको पाम तेल, सात अर्ब ३८ करोडको गलैंचा, पाँच अर्ब ८६ करोडको अलैंची र तीन अर्ब नौ करोडको धागो निर्यात भएको छ।

चालू आर्थिक वर्षको आठ महिनामा ६ अर्ब १९ करोडबराबरका दुई हजार एक सय ९८ विद्युतीय कार, जिप र भ्यान आयात भएका छन्। नेपालमा भारतमा उत्पादित विद्युतीय गाडी सबैभन्दा धेरै आयात भएको भन्सार विभागको तथ्यांकले देखाउँछ। भारतबाट मात्रै आठ महिनामा चार अर्ब २६ करोडका एक हजार पाँच सय ७१ विद्युतीय गाडी आयात भएका छन्। नेपालमा भारतबाट टाटाको नेक्सन र टिगोर, महिन्द्रा इभीलगायत गाडी आयात गरिन्छ। यस्तै, पछिल्लो समय टाटाको इभी ट्याक्सी एक्सप्रेस-टी पनि नेपाल भित्रिन थालिसकेको छ।

दुई खर्बले घट्यो व्यापार घाटा

समग्र आयात घट्दा मुलुकको व्यापार घाटा पनि खुम्चिएको छ। भन्सार विभागका अनुसार फागुनसम्म मुलुकको व्यापार घाटा गत वर्षको तुलनामा दुई खर्ब सात अर्ब रुपियाँले घटेर नौ खर्ब ५३ अर्ब रुपियाँ पुगेको छ। गत वर्ष फागुनसम्म व्यापार घाटा करिब ११ खर्ब ६१ अर्ब रुपियाँ पुगेको थियो। मुलुकको सबभन्दा धेरै व्यापार घाटा सदाझैं भारतसँग नै रहेको छ। तथ्याङ्कअनुसार भारतसँग नेपालको व्यापार घाटा पाँच खर्ब ८२ अर्ब रुपियाँ पुगेको छ। त्यसपछि चीनसँग यस्तो घाटा एक खर्ब ४५ नाघेको छ। नेपालको ठूलो व्यापारिक साझेदारका रूपमा उदाएको इन्डोनेसियासँग ३० अर्ब १७ करोड रुपियाँको व्यापार घाटा रहेको छ। सबैभन्दा ठूलो व्यापारिक साझेदारका रूपमा रहेको भारतबाट छ खर्ब ५६ अर्ब ८० करोड रुपियाँको वस्तु आयात हुँदा नेपालबाट ७४ अर्ब २१ करोड रुपियाँको वस्तु निर्यात भएको छ। चीनबाट एक खर्ब ४५ अर्ब रुपियाँको वस्तु आयात हुँदा ५१ करोड ९३ लाख रुपियाँको मात्र वस्तु निर्यात भएको छ।

## ढकाललाई...

संस्थाद्वारा एकल महिलाका लागि दिइने उदघोषण कलासम्बन्धी प्रशिक्षणको उद्घाटनको अवसर पारेर आयोजना गरिएको उक्त कार्यक्रमको अध्यक्षता एकल महिला तथा वरिष्ठ समाजसेवी पूर्वमन्त्री सुश्री भद्रा घलेले गर्नुभएको थियो। प्रमुख अतिथि तथा संघीय सांसद प्रकाशमान सिंहको प्रतिनिधित्व गर्दै वागमती प्रदेशका सांसद दीपेन्द्र श्रेष्ठले ढकाललाई सम्मानपत्र तथा दोसल्लाले सम्मान गर्नुभएको थियो। संस्थाकी अध्यक्ष दुर्गा थापाले संचालन गरेको उक्त कार्यक्रममा आफ्नो मन्तब्य राख्दै ढकालले काठमाडौको चुनाव क्षेत्र नं १ मा आफ्नो प्रतिष्ठानले कार्यक्रमहरू केन्द्रित गरी यस क्षेत्रमा रहेका सामुदायिक विद्यालय, क्याम्पस, पुस्तकालय, धार्मिक र सामाजिक संस्था तथा क्लवहरूसँग प्रतिष्ठानको सहकार्य गरिरहेको जानकारी गराउँदै भविष्यमा प्रगति नेपालसँग पनि सहकार्य हुन सक्ने सम्भावना रहेको बताउनुभयो। अध्यक्ष घलेले आफूले एकल महिलाको रुपमा गरेको संघर्ष, भोगेका पीडा तथा सफलताबारे सहभागीहरूलाई जानकारी गराउनु भएको थियो।